मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदाः
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

भर्ना खुल्यो !!!

विगतको Private हाल Open SEE

साथै कक्षा 8, 9 & 10 मा

- English & Nepali Medium
- Morning & Day Classes
- Affordable fee & quality education
- Speical classes for needy students

१२ वर्षको अनुभव सहित

PENTAGON OPEN SCHOOL

भक्तपुर क्याम्पसको ठिक अगाडि
दुधपाटी, भक्तपुर
फोन नं. ०१-६६१२७७६
मो. ९८०१०५४६७०, ९८५१०४५८४९

वर्ष : २६ ★ अङ्क : ९२ ★ ने. सं. ११४४ चौला गा, प्रतिपदा ★ बुधबार ★ १२ वैशाख, २०८१ ★ April 24, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## अमेरिकी विश्वविद्यालयहरूमा गाजा समर्थक प्रदर्शनहरूमाथि पक्राउ र दमन तीव्र



वासिङटन डीसी, अप्रिल २३ (टेलिसुर/प्रेस टभी) । अमेरिकी विश्वविद्यालयहरूले प्यालेस्टिनी समर्थक विद्यार्थी प्रदर्शनकारीहरू र स्कूल प्रशासकहरूबिचको तनावको वृद्धिका बिच दमनलाई तीव्र पारेको देखिएको छ । सोही क्रममा विश्वविद्यालयका कक्षाहरू रद्द गरिएका छन् र प्रदर्शनकारीहरू पक्राउ गर्ने कार्यमा तिव्रता आएको छ ।

संरा अमेरिकाभरि विद्यार्थी आन्दोलन जारी रहँदा विश्वविद्यालयका प्रशासन इजरायली समर्थक समूहहरू र अति दक्षिणपन्थी राजनीतिज्ञहरूको दबाबसामु झुकेपछि यो दमनचक्र देखिएको हो ।

क्याम्पसमा 'गाजा सोलिड्यारिटी क्याम्पमेन्ट' स्थापना गर्ने प्रदर्शनकारीहरूको ठुलो भिडको साथ कोलम्बिया विश्वविद्यालयमा एक हप्ताअघि सुरु भएको प्रदर्शन, अब याले, एमआईटी र थप अन्य विश्वविद्यालयहरूमा विस्तार भएका छन् ।

हार्वर्ड विश्वविद्यालयले प्रशासनिक दमन, उत्पीडन र रूढीवादी राजनीतिज्ञ र दाताहरूद्वारा धम्कीको अवधिपछि सोमबार आफ्नो हार्वर्ड स्नातक प्यालेस्टिन सोलिड्यारिटी समितिलाई निलम्बन गऱ्यो ।

गतहप्ता उनीहरूले दर्ता नगरी प्रदर्शन गरेपछि समितिलाई बाँकी कार्यकालका लागि सबै सङ्गठनात्मक गतिविधिहरू रोक्न वा स्थायी निष्कासनको सामना गर्न आदेश दिइएको थियो । पक्राउ परेकी सामाजिक कार्यकी विद्यार्थी

***बाँकी पृष्ठ ८ मा***

## धर्मभक्त अङ्ग प्रत्यारोपण स्थापनाको बाह्र वर्ष

भक्तपुर, ११ वैशाख । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको बाह्रौं स्थापना दिवस केन्द्रको चोकमा सम्पन्न भयो ।

केन्द्रका प्रमुख डा. पुकार श्रेष्ठले स्थापनादेखिको अवधिमा १२ सयभन्दा बढीलाई मिर्गौला प्रत्यारोपण गरिएकोमा ९९ सय प्रतिशत सफल भएको उल्लेख गर्नुभयो ।

डा. श्रेष्ठले चिकित्सक, नर्स तथा प्रशासनिक कर्मचारीहरू स्थायी नभएको र केन्द्रको लागि पर्याप्त पूर्वाधार उपलब्ध नभएको उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले देशभरिकै जनताको समस्याबारे संसद्मा सरकारको ध्यानाकर्षण गराएको उल्लेख गर्दै प्रधानमन्त्री र मन्त्रीहरूले जनताका प्रतिनिधिहरूको सुझावलाई बेवास्ता गरेको बताउनुभयो ।

मिर्गौला रोगबाट पीडित र सरोकारवालाहरूले समयमा उपचार पाउनुपर्ने र भ्रष्टाचार हुन नहुने विषयमा कार्यक्रममै प्ले कार्डमा प्रदर्शन गरेको उल्लेख गर्दै सांसद सुवालले प्रधानमन्त्रीले भ्रष्टाचार नगरे मन्त्रीले भ्रष्टाचार नगर्ने र मन्त्रीले भ्रष्टाचार नगरे सचिवले भ्रष्टाचार नगर्ने बताउनुभयो ।

एक सचिवले सिंहदरबार भ्रष्टाचारको अखडा भएको भन्ने भनाइ प्रधानमन्त्रीतर्फ तेर्सिएको उल्लेख गर्दै सांसद सुवालले तत्कालीन प्रधानमन्त्री केपी ओलीले सोही चोकमा भएको स्थापना दिवस कार्यक्रममा केन्द्रको पश्चिमतर्फको सार्वजनिक जग्गा उपलब्ध गराउने विषय उठेको तर कार्यान्वयन नभएको बताउनुभयो ।

चिकित्सक र नर्सहरूको दरबन्दी थप र विज्ञापन नभएको दुई दशक बढी भएको र नेपालमा रोजगारी उपलब्ध नभएको भनी सरकारले चिकित्सक र नर्सहरूलाई वैदेशिक रोजगारीमा पठाएको उल्लेख गर्दै सांसद सुवालले संसद्मा उठाउनुपर्ने विषय भए उपलब्ध गराउन सहभागी सबैसँग आग्रह गर्नुभयो ।

भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलाई समेटर भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्न सात वर्षअघिको प्रस्ताव सरकारले कार्यान्वयन नगरेको उल्लेख गर्दै सांसद सुवालले सरकारले समयमा काम नगर्दा जनतालाई धेरै दुःख भएको बताउनुभयो ।

प्रजग कोरियामा सिंहदरबारजस्ता भवनहरू 'केटाकेटीको दरबार' को नाममा देशको ठाउँ ठाउँमा बनाइएको तर नेपालमा प्रधानमन्त्री र मन्त्रीहरूको दरबारमात्र ठुलो भएको उल्लेख गर्दै सांसद सुवालले भविष्यका कर्णाधार नयाँ पुस्तालाई तयार पार्नेतर्फ सरकारको कुनै खाका नभएको बताउनुभयो ।

कार्यक्रममा क्षेत्र नं. २ का सांसद दुर्लभ थापाले आफूलाई दायलासिस समयमा गर्न नपाएको गुनासो आएको बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयका सहसचिव दीपेन्द्ररमण सिंह, केन्द्रका डा. लुशन सिंह र मिर्गौला पीडितहरूले पनि आ-आफ्नो विचार राख्नुभएको थियो ।

कार्यक्रममा स्वास्थ्यमन्त्री र स्वास्थ्य सचिवलाई निम्ता गरिए पनि उपस्थिति देखिएन ।

## कम्युनिस्टहरूले जनतालाई केन्द्र बनाएर काम गर्नुपर्ने



बभाङ, ११ वैशाख । सुदूरपश्चिम प्रदेशसभाको उपनिर्वाचनमा बभाङ क्षेत्र नं. १ 'क' को लागि नेमकिपाले आफ्नो प्रचारप्रसारलाई तीव्र पारेको छ । यसैक्रममा मङ्गलबार खप्तड छान्ना गाविसका कालुखेती, पसलबगर, कटराइलगायतका स्थानमा चुनावी सभा तथा प्रचारप्रसार सम्पन्न भयो ।

उक्त सभामा नेमकिपाका केन्द्रिय सदस्य अनुराधा थापामगरले नेमकिपाले घोषणापत्रबमोजिम काम गर्दै आएको बताउनुभयो ।

कृषिप्रधान देशमा खाद्यान्नसमेत आयात गर्नुपर्ने स्थिति आउनु विडम्बना भएको उल्लेख गर्दै उहाँले लोकतन्त्र र गणतन्त्रपछि पनि नेपाली जनता मारमा परेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मतदाताले मतदान गर्ने हो मत बेच्ने होइन । नेमकिपा सदन र सडकमा देश र जनताका लागि सधैं बफादार सिंपाही भएर आवाज बुलन्द गर्छ । बहुदल र गणतन्त्रले नेपाली जनताको सेवा गर्न सकेनन् ।"

कम्युनिस्टहरूले जनतालाई केन्द्र बनाएर काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले खोल मात्र लगाएका कम्युनिस्टहरूले देश बनाउँदैनन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं उम्मेदवार खगेन्द्रबहादुर शाहीले चुनावको एउटा मुख्य उद्देश्य विचार प्रचार हो, कामदारवर्गको शासन व्यवस्था भनेकै समाजवादी शासन व्यवस्था हो भन्नुभयो ।

बभाङवासीहरूको हकहितमा सधैं काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले जनताका सारा समस्याको कारण पुँजीवादी व्यवस्था हो भन्नुभयो ।

नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले प्राकृतिक स्रोत साधन संरक्षण गर्नु राजनैतिक दलको पनि कर्तव्य हो भन्नुभयो ।

उहाँले संविधानमा उल्लेख भएर पनि सरकारले स्वास्थ्य शिक्षा निःशुल्क गर्न सकेको छैन भन्नुभयो ।

रमेशकुमार रावलले पनि बोल्नुभएको सो कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य बिजुकला राना र देउडा गायक हस्तबहादुर कुँवरले प्रगतिशील देउडा गीत प्रस्तुत गर्नुभएको थियो ।

श्री छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड
तुछिमला-६, भक्तपुर, फोन नं. ०१-६६१५१८९
इमेल : shreechhumaganesh@gmail.com

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

तपसिल बमोजिमको योग्यता पुगेका १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूबाट हस्तलिखित निवेदन पेस गर्नहुन सूचित गरिन्छ ।

| बिज्ञापन नं. | पद | माग सङ्ख्या | छनोट प्रक्रिया | आवश्यक योग्यता एव अनुभव |
|---|---|---|---|---|
| १/२०८०/०८१ | कार्यालय सहायक | १ | प्रस्तुतीकरण र अन्तर्वार्ता | व्यवस्थापन सङ्कायमा +2 उत्तीर्ण |
| २/२०८०/०८१ | कार्यालय सहयोगी | १ | प्रस्तुतीकरण र अन्तर्वार्ता | साधारण लेखपढ |

**निवेदन पेस गर्ने अन्तिम मिति** : २०८१/०१/२१ गते, शुक्रबार
**तलब सुबिधा** : संस्थाको नियमानुसार
**निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू** :
१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि
५. व्यक्तिगत विवरण पत्र (BIO-Data)
**निवेदन पेस गर्ने** : संस्थाको कार्यालय वा संस्थाको आधिकारिक इमेलमा पठाउनु पर्नेछ ।
**निवेदन पेस गर्ने समय** : बिहान ८:३० बजेदेखि दिउँसो २:३० बजेसम्म



चुलाचुली गाउँपालिकाको मधुमल्ला वडा नं.६, नमुना चोक, राधाकृष्ण मन्दिर, वानेम चोक वडा नं १ लगायतका विभिन्न क्षेत्रमा नेमकिपाको घरदैलो कार्यक्रम सम्पन्न । *तस्बिर : मजदुर दैनिक*

# कतारका अमिर नेपालमा राष्ट्रपति पौडेलबाट स्वागत



काठमाडौँ, ११ वैशाख । मित्रराष्ट्र कतारका अमिर शेख तमिम विन हमाद अल थानी नेपालको दुईदिने राजकीय भ्रमणको सिलसिलामा मङ्गलबार अपराह्न काठमाडौँ आइपुग्नुभएको छ । राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा उहाँ नेपाल भ्रमणमा आउनुभएको हो ।

उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा राष्ट्रपति पौडेलले स्वागत गर्नुभयो । स्वागतका लागि उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे र उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ विमानस्थल पुग्नुभएको थियो ।

यसैगरी, कतारका अमिरलाई स्वागत गर्न उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ र मन्त्रिपरिषद्का सदस्यलगायत उच्चपदस्थ अधिकारी, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि विमानस्थल पुग्नुभएको थियो ।

बङ्गलादेशको राजकीय भ्रमण सम्पन्न गरी उहाँ मङ्गलबार अपराह्न विशेष विमानबाट काठमाडौँ आइपुग्नु भएको हो । सो अवसरमा कतारका अमिरको सम्मानमा नेपाली सेनाको एक टुकडीले २१ तोपको सलामीसहित सम्मान गारत अर्पण गरेको थियो ।

कतारका अमिरले मङ्गलबारै साँझ राष्ट्रपति पौडेलसँग राष्ट्रपति कार्यालय शीतल निवासमा भेटवार्ता गर्ने कार्यक्रम छ । अमिरको सम्मानमा राष्ट्रपति पौडेलले राजकीय भोजको आयोजना गर्नुहुने कार्यक्रम छ ।

भ्रमणका क्रममा नेपाल र कतारबिच युवा तथा खेलकुद र शिक्षा तथा वैज्ञानिक अनुसन्धानलगायत विभिन्न क्षेत्रमा सहकार्यसम्बन्धी समझदारी हुने जनाइएको छ ।

नेपाल र कतारबिच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि कतारका अमिरको यो पहिलो नेपाल भ्रमण हो । नेपालले सन् २००० जुलाई ११ मा दोहामा राजदूतावास स्थापना गरेको थियो भने कतारले काठमाडौँमा आफ्नो राजदूतावास सन् २०११ अगस्टमा स्थापना गरेको थियो । *रासस*

# त्रिविका शिक्षकलाई वैज्ञानिक लेखन तालिम

काठमाडौँ, ११ वैशाख । काठमाडौँ सेन्टर फर रिसर्च एन्ड एजुकेसन (केसीआरइ) को संयुक्त आयोजनामा त्रिविका शिक्षकलाई तथ्याङ्क विश्लेषण र वैज्ञानिक लेखनसम्बन्धी क्षमता अभिवृद्धि तालिम दिइएको छ ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) जल तथा मौसम विज्ञान केन्द्रीय विभाग तथा चाइनिज एकेडेमी अफ साइन्सेसको संयुक्त पहलमा निर्मित केसीआरईको सक्रियतामा भएको कार्यक्रममा त्रिविका उपकुलपति प्रा. डा. केशरजङ्ग बरालले व्यावहारिक ज्ञानको निर्माण र समसामयिक चुनौतीलाई सम्बोधन गर्न तथ्याङ्क विश्लेषण र प्रभावकारी वैज्ञानिक कार्यपत्र लेखनको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिनुभयो ।

उहाँले अनुसन्धान र उत्कृष्ट लेखनमार्फत विश्वविद्यालय उत्कृष्ट बन्ने बताउनुभयो । उपकुलपति प्रा. डा. बरालले त्रिविमा कार्यरत प्राध्यापक एवं अध्ययनरत विद्यार्थीलाई विश्वस्तरको शिक्षा र अनुसन्धानको अवसर उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नुभएको थियो । उहाँले तालिमको अवसरलाई अधिकतम सदुपयोग गरी आफ्नो र आफ्नो संस्थाको प्रभावकारिता वृद्धि गर्न सहभागीलाई अनुरोध गर्नुभएको थियो ।

अनुसन्धानकर्ता उपप्राध्यापकको क्षमता अभिवृद्धिमार्फत शैक्षिक उत्कृष्टता बढाउन आयोजित तालिममा विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत कार्यरत उपप्राध्यापक र सहायक प्राध्यापक गरी २५ जनाको सहभागिता रहेको छ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा. डा. विनिल अर्यालले विश्वका सबै विधा तथ्याङ्क विश्लेषण एवं वैज्ञानिक लेखनमा केन्द्रित हुँदै गएको र तथ्याङ्क नै वैज्ञानिक विश्लेषणको महत्त्वपूर्ण आधार रहेकाले यस प्रकारको तालिमले अनुसन्धानमा महत्त्वपूर्ण योगदान गर्न सहयोग गर्ने बताउनुभयो ।

यस प्रकारका तालिमले राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका जर्नलमा समेत लेख प्रकाशित गर्न उत्प्रेरित गर्ने र समग्रमा प्राज्ञिक क्षमताको विकास हुने अपेक्षा उहाँले गर्नुभएको थियो ।

कार्यक्रममा चाइनिज एकेडेमी अफ साइन्सेसको इन्स्टिच्युट अफ टिबेटियन प्लेटो रिसर्चका उपनिर्देशक तथा काठमाडौँ सेन्टर फर रिसर्च एन्ड एजुकेसन (केसीआरई) का निर्देशक प्रा.डा. बाइक्विङ सुले दुवै देशको वैज्ञानिक अनुसन्धान तथा शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण सहकार्य गर्न निर्मित केसीआरइले त्रिविको समग्र प्राज्ञिक उन्नयनको लागि महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आइरहेको उल्लेख गर्नुभयो ।

युवा अनुसन्धानकर्मीलाई अनुदान, विभिन्न तालिमको आयोजना, वैज्ञानिक सम्मेलनको लागि सहयोगलगायतका पक्षमा सहकार्य गरिरहेको उहाँले बताउनुभयो । जल तथा मौसम विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. दीपक अर्यालले विभागले निरन्तररूपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय सहकार्यमा विभिन्न वैज्ञानिक सम्मेलन, गोष्ठी एवं तालिमको आयोजना गर्दै आइरहेको उल्लेख गर्दै युवा उपप्राध्यापकको प्राज्ञिक विकास र क्षमता वृद्धिलाई विशेष प्राथमिकता दिइँदै आइरहेको बताउनुभयो ।

कार्यक्रममा जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक तथा केसीआरईका उपनिर्देशक डा. विनोद दवाडीले तालिममार्फत अनुसन्धान र लेखन क्षमताको विकास गर्ने, जर्नल प्रकाशनमा उत्प्रेरित गर्ने र उपप्राध्यापकलाई पुनर्ताजगी गर्दै आफूले जानेका विषयलाई निरन्तर अद्यावधिक गर्ने उद्देश्य राखिएको बताउनुभयो । *रासस*

# काठमाडौँका सामुदायिक विद्यालयमा स्वयंसेवक परिचालन

काठमाडौँ, ११ वैशाख । काठमाडौँ महानगरपालिकाले सामुदायिक विद्यालयको सौन्दर्यीकरण तथा विद्यार्थीलाई शिक्षण सिकाइप्रति थप उत्प्रेरित गर्न स्वयंसेवक परिचालन गरेको छ ।

सामुदायिक विद्यालयमा सरसफाइ, हरियाली, कलात्मक र आकर्षक वातावरण बनाउनका साथै विद्यार्थीलाई शिक्षण सिकाइप्रति थप उत्प्रेरित गर्ने उद्देश्यले स्वयंसेवक परिचालन गरिएको महानगर शिक्षा विभागका निमित्त प्रमुख सरस्वती पोखरेलले जानकारी दिनुभयो । महानगरले सार्वजनिक सूचनामार्फत सङ्कलन गरिएका आवेदकमध्ये एक सय ४५ जना स्वयंसेवक छनोट गरेर सामुदायिक विद्यालयमा परिचालन गरिएका पोखरेलले बताउनुभयो । स्वयंसेवकमध्ये ४५ जनालाई युवा र बालबालिका (सम्पदा) कार्यक्रम तथा एक सय जनालाई वातावरण र बालबालिका (वावा) कार्यक्रमका लागि परिचालन गरिएका छन् ।

पोखरेलका अनुसार महानगरपालिकाभित्रका ८९ सामुदायिक विद्यालयमा छ महिनाका लागि स्वयंसेवक परिचालन गरिएका छन् । स्वयंसेवकले हरेक हप्ताको दुई दिन (बिहीबार र शुक्रबार) विद्यालयमा समय दिनुपर्ने र शिक्षक तथा विद्यार्थीहरूसँग सहकार्य गरी सुन्दर विद्यालय कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्नेछ ।

त्यसैगरी हरेक बिहीबार सम्पर्क शिक्षकसँगको समन्वयमा शुक्रबार विद्यालयमा सञ्चालन गरिने कार्यक्रमको कार्ययोजना बनाउने र तिनलाई कार्यान्वयन गर्ने, विद्यालय हाता, कक्षाकोठा, बगैँचा, शौचालयको सरसफाइका लागि अगुवाइ र फोहरको वर्गीकरण अभ्यासलाई संस्थागत गर्नेलगायत काममा स्वयंसेवकबाट योगदान हुने महानगरपालिकाले अपेक्षा गरेको छ । उहाँहरूलाई महानगर स्वर्णिम योजना 'स्मार्ट टोल' कार्यक्रममा समेत सहभागी गराउन सकिने पोखरेलको भनाइ छ ।

महानगरपालिले स्वयंसेवकका लागि निश्चित आचारसंहिता पनि बनाइदिएको छ । आचारसंहिताको पालनाले बालबालिकाका अधिकार, विद्यार्थीहरूका व्यक्तिगत गोपनीयताबारे सचेत रहँदै शिक्षण सिकाइप्रति उत्प्रेरित गर्न तथा विद्यार्थीमाथि हुनसक्ने हिंसाबारे सचेतना बढाउनसमेत सघाउ पुग्ने अपेक्षा गरिएको छ । रासस

# भूकम्पबारे चेतना जगाउन बृहत् फोटो प्रदर्शनी

काठमाडौँ, ११ वैशाख । विक्रम संवत् २०७२ वैशाख १२ गतेको गोरखा भूकम्पको सम्झनामा भोलि वैशाख १२ यहाँ बृहत् फोटो प्रदर्शनी आयोजना हुने भएको छ । भूकम्पबारे चेतना जगाउन प्रदर्शनी आयोजना गरिएको हो ।

खानी तथा भूगर्भविभागको आयोजनामा हुने प्रदर्शनीमा गोरखा भूकम्पलगायत डोटी, बझाङ, जाजरकोटमा भएका भूकम्पबाट भएको क्षति तथा मानव समाज र भूगोलमा आएको परिवर्तनका दृश्य समावेश छन् ।

विभागका अनुसार भूकम्पीय विपद् सामान्य हुँदै जाने क्रममा विगतका पीडा बिर्सँदै जाने मानवीय स्वभाव छ । फोटो प्रदर्शनीको माध्यमबाट सचेत रहन सन्देश दिने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको हो । विभागका महानिर्देशक रामप्रसाद घिमिरेले जनसाधारणलाई भूकम्पबाट सधैँ सतर्क रहन अभिप्रेरित गर्ने उद्देश्यले विभाग, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र र महिला पत्रकारहरूको संस्था 'संवाहिका समाज नेपाल' सँगको सहकार्यमा प्रदर्शनी आयोजना गरिएको बताउनुभयो ।

गोरखा भूकम्पमा नौ हजारले ज्यान गुमाएका थिएभने २२ हजारभन्दा बढी घाइते भएका थिए । वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीका अनुसार उक्त भूकम्पको एक वर्षसम्म पाँचसय भन्दा बढी परकम्प महसुस गरिएको थियो ।

# पर्यटकीयस्थल दोलालघाटमा तटबन्धको योजना बनाइँदै

काभ्रेपलाञ्चोक, ११ वैशाख । काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकास्थित पर्यटकीयस्थल दोलालघाट क्षेत्रमा नदी कटान रोक्न तटबन्धको योजना निर्माण प्रक्रिया सुरु भएको छ ।

सुनकोसी र इन्द्रावती नदी कटानको जोखममा रहेको सो क्षेत्रमा तटबन्ध निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख विनय पौडेलले वाग्मती प्रदेशको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको निर्देशनअनुसार दोलालघाट बजार र पुल जोगाउने उद्देश्यले तटबन्ध निर्माणका लागि प्राविधिक नापजाँच गरी लागत अनुमानको प्रारम्भिक प्रक्रिया अघि बढाइएको बताउनुभयो । लागत अनुमानसहितको विवरण पेस गरेर आगामी आर्थिक वर्षको योजनामा बजेटको सुनिश्चितता गरिने पौडेलको भनाइ छ ।

विसं २०७८ असारमा मेलम्चीबाट इन्द्रावती नदी हुँदै आएको बाढीले बस्ती कटान गरेपछि भुम्लु गाउँपालिकाको दोलालघाट क्षेत्र सुरक्षाका लागि स्थानीयले तटबन्ध निर्माणको माग गर्दै आएका थिए । जिल्ला विपद् व्यवस्थापन समितिले चाखोला तथा दोलालघाटको पुरानो बजारसम्मको इन्द्रावती र सुनकोसी नदीमा तटबन्ध गर्न प्रदेशस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको थियो ।

त्यसताका बाढीले सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका, मेलम्ची नगरपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकाका पाँच सय ५१ घर बगाएको थियो । त्यसैगरी राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनासँगै सात झोलुङ्गो पुल, नौ पक्की पुललगायत ३३ संरचनामा क्षति पुऱ्याउनुका साथै पाँच हजार चार सय रोपनी खेतीयोग्य जमिन बगर बनेको थियो । बाढीले २६ जनाको ज्यान गएको थियो ।

दोलालघाटको पुल हुँदै चीन जोड्ने उत्तरी नाका तातोपानी, सिन्धुपाल्चोक, दोलखा, रामेछापलगायतका जिल्ला जाने गरिन्छ । *रासस*

# प्लास्टिक सर्जरीको अवस्था र सुरक्षित अभ्यासबारे गोष्ठी हुँदै

काठमाडौँ, ११ वैशाख । नेपाल प्लास्टिक सर्जन सङ्घ (एपसन) र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल (न्याम्स) को प्लास्टिक सर्जरी सङ्कायको संयुक्त आयोजनामा गोष्ठी हुने भएको छ ।

'नेपालमा प्लास्टिक सर्जरीको अवस्था, चुनौती र सुरक्षित अभ्यास' विषयमा वैशाख १४ गते गोष्ठी हुने भएको हो । यस गोष्ठीमा नेपालका वरिष्ठ प्लास्टिक सर्जन प्रा. डा. पियुष दाहाल, प्रा. डा. शङ्करमान राई, प्रा. डा. जयनमान श्रेष्ठ र प्रा. डा. किरण नकर्मीले कार्यपत्र प्रस्तुत गर्नुहुनेछ । कार्यक्रमको संयोजन र गोष्ठीबाट प्राप्त निष्कर्षको आधारमा भावी कार्ययोजनाको निर्माण गरिने अस्पतालका सहप्राध्यापक प्लास्टिक सर्जन डा. पशुपतिबाबु पोखरेलले बताउनुभयो ।

गोष्ठीले नेपालको प्लास्टिक तथा जलनसम्बन्धी सेवाको विकास र विस्तार गर्न ऐतिहासिक भूमिका खेल्ने विश्वास लिएको आयोजकले जनाएको छ । गोष्ठीमा यो सेवामा कार्यरत करिब ५० जना प्लास्टिक सर्जनहरूको सहभागिता हुने अनुमान गरिएको छ । *रासस*

# चैते धानप्रति दाङका किसानको आकर्षण बढ्दो



घोराही (दाङ), ११ वैशाख । बङ्गलाचुली गाउँपालिका-४ गहतेरा निवासी डोरबहादुर घर्तीले यस वर्ष पनि चैते धान रोप्नुभएको छ । चैते धानले उहाँको जीविकोपार्जनमा सहयोग भएको छ । हरेक वर्ष आम्दानी बढेपछि चैते धानखेतीलाई निरन्तरता दिएको उहाँ बताउनुहुन्छ ।

बर्सेनि चैते धान रोप्दै आउनुभएका घर्तीले हिजो रोपाइँ सक्नुभएको हो । उहाँले भन्नुभयो, “सिँचाइको सुविधा छ, उत्पादन पनि मनग्ये हुने भएकाले पहिलेदेखि नै चैते धानखेती गर्दै आएका छौँ ।” चैते र बर्खे धान गरेर वर्षमा दुई बाली धान र एक बाली गहुँखेती गर्दै आउनुभएका घर्तीले बर्खे धानको तुलनामा चैते धान अधिक फल्ने बताउनुभयो । उहाँले यस वर्ष ११ रोपनी क्षेत्रफलमा धान रोप्नुभएको छ ।

बङ्गलाचुलीका अर्का किसान मुगा डाँगी पनि अहिले चैते धान रोप्न व्यस्त हुनुहुन्छ । चार रोपनी जग्गामा रोपाइँ जारी छ । थोरै जमिनबाट धेरै उत्पादन लिन पनि आफूले प्रत्येक वर्ष धानखेती गर्दै आएको उहाँले बताउनुभयो । स्थानीय सरकारबाट सहयोग नभएको गुनासो गर्दै उहाँले त्यसो भएमा उत्पादन बढाउन सहज हुने बताउनुभयो ।

चैते धानबाट प्रशस्त आम्दानी हुने भएपछि आफूलगायत गाउँका अधिकांश किसानले चैते धान लगाउँदै आएको उहाँ बताउनुहुन्छ । वर्षमा दुई बाली धानखेती गर्ने स्थानीयवासीले बर्खेभन्दा चैते धानबाट धेरै आम्दानी गर्ने गहतेरा निवासी चूर्ण डाँगी बताउनुहुन्छ । चैते धान प्रवर्द्धन गर्न स्थानीय वा प्रदेश सरकारले अनुदानको व्यवस्था गर्नुपर्नेमा उहाँको जोड छ ।

कृषि ज्ञान केन्द्रका अनुसार घोराही उपमहानगरपालिका- १, बङ्गलाचुली गाउँपालिका-३ र ४ सँगै देउखुरीका केही स्थानमा चैते धानखेती हुने गरेको छ । जिल्लामा करिब दुई हजार पाँच सय हेक्टरमा चैते धानखेती हुने गरेको छ ।

# बागलुङमा ३८ वनमा आगलागी : १५ वनको आगो नियन्त्रण बाहिर



ढोरपाटन (बागलुङ), ११ वैशाख । बागलुङको बरेङ गाउँपालिका-२ को सल्लेरी सामुदायिक वनमा गत फागुनको ९ गते भीषण आगलागी भयो । सो आगलागी गाउँले र प्रहरीको सक्रियतामा दुईपछि नियन्त्रणमा आयो । त्यसभन्दा अगाडि जिल्लाको कुनै पनि वनमा आगलागी भएको थिएन ।

त्यसयता गलकोट नगरपालिकाका एक दर्जन वनमा आगो सल्कियो । एक सातापछि उक्त आगो नियन्त्रणमा आयो । त्यसलगत्तै ताराखोला, ढोरपाटन र निसीखोला गाउँपालिकाको दुई दर्जन बढी वनमा आगलागी भइसकेको छ । दिनप्रति दिन आगलागी हुँदै गएपछि थुप्रै वन जङ्गल रित्तिएका छन् । आगलागीले वन्यजन्तु तितरवितर बनेका छन् ।

आगलागीका कारण हालसम्म मानवीय क्षति भने भएको छैन । करिब एक दर्जन गोठ र पशुचौपाया जलेको डिभिजन वन कार्यालय बागलुङले जनाएको छ । फागुनदेखि हालसम्म ३८ वटा सामुदायिक वनमा आगलागी भएको डिभिजन वन कार्यालय बागलुङकी सूचना अधिकारी लक्ष्मी केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा लागेको आगो अहिले पनि नियन्त्रण बाहिर छ । आगो नियन्त्रणका लागि कर्मचारीसहित स्थानीय खटिएको उहाँको भनाइ छ । अहिले १५ वटा सामुदायिक वनमा लागेको आगो नियन्त्रण बाहिर रहेको केसीले जानकारी दिनुभयो । हालसम्म एक हजार दुई सय हेक्टरभन्दा बढी जङ्गलमा आगलागी भएको उहाँ बताउनुहुन्छ ।

अधिकारी केसीले भन्नुभयो, “नागरिकको लापरबाहीका कारण धेरै वनमा आगलागी भएको हो, आगलागी हुनबाट रोक्नका लागि हामीहरूले जनचेतनामूलक कार्यक्रम गर्ने र नागरिकलाई सचेत बनाउनका लागि विभिन्न सञ्चारमाध्यमबाट सूचना प्रवाह गरिरहेका छौँ, वनमा आगो लगाउने केही व्यक्तिलाई नियन्त्रणमा लिएर कारबाहीको प्रक्रिया पनि अगाडि बढाएका छौँ, आगोले ठूलो क्षेत्रफलमा फैलिएको वनमा क्षति पुऱ्याएको छ ।”

चार दिनदेखि निसीखोला गाउँपालिका-२ मा लागेको आगो अहिले नियन्त्रणमा लिन सकिएको छैन । उपल्लोबेन्नीदेखि सुरु भएको आगो वडा नं ४ को माझापाख हुँदै बडाचौरको बराह सामुदायिक वनमा फैलिएको छ । हावाहुरीका कारण आगो अझै नियन्त्रणमा ल्याउन नसकेको निसीखोला गाउँपालिका-४ का अध्यक्ष टीकानिधी पौडेलले बताउनुभयो ।

आगो नियन्त्रणका लागि गाउँले नै लागे पनि असफल भएको उहाँको भनाइ छ । वडा न २ को शान्ति सामुदायिक वनबाट सुरु भएको आगो धेरै ठूलो क्षेत्रफल फैलिएको अध्यक्ष पौडेल बताउनुहुन्छ ।

“खडेरी परेको धेरै लामो समय भयो, अहिलेसम्म पानी पर्न सकेको छैन, आगलागी धेरै ठाउँमा भएको छ, एउटा वनबाट सुरु भएको आगो अहिलेसम्म एक दर्जन बढी वन सखाप पारेको छ, गाउँले नै उठेर अहिलेसम्म घर गोठ जोगाएका छौँ, तर वनलाई जोगाउन सकेका छैनौँ”, अध्यक्ष पौडेलले भन्नुभयो, “आगो कसले लगाएको हो भन्ने पत्ता लागेको छैन, वर्षा पनि भएको छैन, माटो पनि बल्छ, सयौँको सङ्ख्यामा मान्छे छन्, दिउँसोमा हावाहुरीले गर्दा निभाउन सकिँदैन, राति १ बजेसम्म जनता उठेर नियन्त्रण लिने कोसिस गरे पनि अझै सकिएको छैन ।”

आगो नियन्त्रणका लागि गाउँगाउँबाट ठूलो सङ्ख्यामा स्थानीय वनमा पुगे पनि हावाहुरीले गर्दा नियन्त्रण गर्न नसकेको स्थानीय रामबहादुर घर्तीले बताउनुभयो । शुक्रबार साँझदेखि नै आफूहरू सुरक्षित भएर स्याउलाका भरमा आगो निभाउने प्रयास गरेको उहाँको भनाइ छ । सडकभन्दा निकै टाढाको वनमा आगलागी हुँदा दमकलको प्रयोगसमेत गर्न नसकिएको घर्ती बताउनुहुन्छ । आफूहरू रातभर जागराम बसेर आगो नियन्त्रणमा लागेको उहाँले बताउनुभयो ।

# फोहरबाट मोहर बनाउन जुटे रामेछापका युवा

मन्थली (रामेछाप), ११ वैशाख । नगर क्षेत्रमा फोहर विसर्जनको समस्या भइरहेको बेला रामेछापका युवा भने फोहरबाट मोहर बनाउने अभियानमा जुटेका छन् ।

कागजजन्य फोहर सङ्कलन गरी अण्डा राख्ने क्रेट बनाएर उनीहरूले नगरको सरसफाइमा योगदान गरेका छन् भने त्यसलाई आय आर्जनको स्रोत पनि बनाएका छन् ।

जिल्लाको सहरी क्षेत्रमा फालिएका कागजजन्य वस्तुलाई सङ्कलन गरेर त्यसलाई पुन: प्रयोग गर्ने उद्देश्यले यहाँका सातजना युवा मिलेर ग्रिन हाइलाइट प्रालि स्थापना गरेका हुन् । जिल्लालाई सफा राख्ने र केहीलाई रोजगारी दिएर आय आर्जनको बाटो बनाएको उक्त अभियानका साथ स्थानीयलाई रोजगारी दिएर सुरु गरिएको यो उद्योग समस्यामा परेको छ ।

सुरुमा प्रतिगोटा रु. सातका दरले बिक्ने क्रेट अहिले प्रतिगोटा रु. चारमा पनि बिक्न मुस्किल छ । यसअघि यसले राम्रै बजार पाएको भए पनि विद्युत् नियमित नहुने र भारतीय क्रेटसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था यस उद्योगले झेल्नुपरेका कारण समस्या बढ्दै गएको हो । उत्पादन भएका क्रेट स्थानीय रामेछापका बजार, सिन्धुली दोलखा, ओखलढुङ्गा र काठमाडौँसम्म लगेर बिक्री गर्ने गरिएको थियो । तर, अहिले राम्रो बजार नपाएपछि निर्माण गरिएका क्रेट गोदाममै थन्किएर बसेका छन् । मेसिन बेलाबेलामा बिग्रने, पार्टपुर्जा सर्वसुलभ नहुने भएकाले उद्योगमा समस्या आएको उद्योग सञ्चालक सुनिल रायले बताउनुभयो ।

उद्योगमार्फत प्रत्येक शनिबार जिल्ला सदमुकाम मन्थलीलगायतका अन्य सहरी क्षेत्रमा कागजजन्य फोहर प्रतिकिलो रु. १० का दरले खरिद गरी त्यसलाई प्रशोधन गरेर विभिन्न साइजका अण्डा राख्ने क्रेट बनाउने गरिएको छ । यस उद्योगमा महिला एवं पुरुष गरी १५ जनाभन्दा बढीले रोजगारी पाएको अर्का सञ्चालक जयराम मानन्धरले बताउनुभयो ।

उद्योग स्थापना हुनुअघि आफ्नो घर तथा पसलबाट निस्कने फोहरलाई पैसा तिरेर नगरपालिकाको गाडीमा पठाउनुपर्ने बाध्यता भए पनि अहिले भने काजगजन्य फोहर बिक्री गर्न पाउँदा आफूलाई खुसी लागेको उप्रेती स्टोर्सका प्रोप्राइटर रामहरि उप्रेतीले बताउनुभयो । उहाँले भन्नुभयो, “कागजजन्य वस्तुजस्तै प्लास्टिकजन्य वस्तु पनि यसैगरी उठाउने हो भने मन्थली बजार सधैँ सफा हुने थियो ।”

अण्डाको क्रेटसँगै यस उद्योगले सिमेन्टका ब्लक पनि निर्माण गरेको छ । प्लास्टिकजन्य र फलामका टुक्रालाई प्रशोधन गरी पुन: प्रयोग गर्न सकिने वस्तु निर्माण गर्ने उद्योगको योजना छ । स्थानीय तहमा उत्पादन हुने वस्तुलाई सम्बन्धित पालिकाले प्राथमिकता दिनुपर्नेमा उद्योगका सञ्चालक रुद्रकुमार श्रेष्ठ बताउनुहुन्छ । ***रासस***

# वीरगञ्जको अलौमा सात घर जले, ५४ लाखको क्षति

वीरगञ्ज (पर्सा), ११ वैशाख । वीरगञ्ज महानगरपालिका-१७ स्थित अलौमा मङ्गलबार बिहान आगलागी हुँदा सातवटा घर जलेका छन् ।

वीरगञ्ज महानगरका वडा नं १७ का महेन्द्र सहनीको फुसको घरमा बिजुली चुहिएर सल्किएको आगो नजिकका सात घरमा फैलँदा रु. ५३ लाख ९० हजार बराबरको क्षति भएको वीरगञ्ज महानगरपालिका-१७ का वडाध्यक्ष राजीबबहादुर क्षेत्रीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “सात जनाको फुसको घरसहित अन्य लत्ताकपडा र भाँडाकुँडा पनि जलेको छ । ठुलो आगलागी भएकाले पनि तत्काल नियन्त्रण गर्न सकेनौँ । फुसको घरमात्रै होइन, गाईगोठलगायत संरचना पनि नष्ट भएका छन् ।”

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले दुईवटा दमकमलको सहायताले दुई घण्टामा आगो निभाइएको बताउनुभयो ।

आगलागीबाट महेन्द्र सहनीको घर, अन्नपात, लत्ताकपडा नष्ट हुँदा रु. १० लाख ६३ हजार बराबरको क्षति भएको छ । सहनीको सुनचाँदी, एउटा गाई र चारवटा बाखासमेत जलेका छन् । आगलागीबाट सहनीका छिमेकी मैना सहनीको घरको अन्नपात, लत्ताकपडा र चारवटा चौपाया गरी रु. आठ लाख ६८ हजार बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । सोही ठाउँका वीरेन्द्र सहनीको घर, अन्नपात र अन्य सरसमानसहित रु. चार लाख ८० हजार बराबरको क्षति भएको छ । यसैगरी, तुहान सहनीको पनि घर, अन्नपात, लत्ताकपडा सुनचाँदीसहितका गरगहना जल्दा रु. ११ लाख ६० हजार बराबरको क्षति भएको छ ।

पर्सा प्रहरीका अनुसार फुलदेव सहनीको घर, अनपात, लत्ताकपडा, सरसामान, सुन चाँदी गरी रु. चार लाख १६ हजार बराबरको क्षति भएको छ । अभय सहनीको रु. सात लाख ८० हजार बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ । सोही ठाउँकै अदालत साहको रु. छ लाख २३ हजार बराबरको क्षति भएको छ ।

वडाध्यक्ष क्षेत्रीले वडा कार्यालयसँग पर्याप्त बजेट नभएकाले विषद् व्यवस्थापन समितिमार्फत तत्कालै राहत प्रक्रिया अघि बढाइने बताउनुभयो ।

यही वैशाख ८ गते सीमावर्ती भारतको गहुँ खेतबाट सल्किएको आगोले पर्साको छिपहरमाई गाउँपालिका-१ भलमहिया वस्तीका १५ किसानको अन्नबालीसहितको फुसको घर जल्दा रु. १२ करोड ८४ लाख बराबरको क्षति भएको थियो । ***रासस***

# बालाजु बाइसधारा मेला सुरु

काठमाडौँ, ११ वैशाख: स्थानीय बालाजु बाइसधारामा मङ्गलबार बिहानदेखि बालाजु बाइसधारा (ल्हुति पुन्हि) मेला लागेको छ । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन यहाँ मेला लाग्दै आएको छ । मेला पाँच दिनसम्म जारी रहने छ ।

बालाजु बाइसधारा मेला व्यवस्थापन समितिका संयोजक गौतम प्रजापतिले बालाजु बाइसधारा (ल्हुति पुन्हि) मेला भर्नका लागि बिहानैदेखि बालाजु बाइसधारामा भक्तजनको घुइँचो लागेको बताउनुभयो । बाइसधारामा स्नान गरे मुक्तिनाथ तथा गोसाइँकुण्डमा स्नान गरे बराबरको पुण्य प्राप्त हुने जनविश्वास छ ।

भक्तजनलाई स्नान गर्न सहज होस् भन्ने उद्देश्यले २२ वटै धाराबाट जल प्रवाहको व्यवस्था मिलाइएको छ । मेलामा दुई लाख ३० हजार सहभागी हुने आयोजकको अपेक्षा छ । रासस

। सम्पादकीय ।

# प्रतिष्ठित परिवार किन र कसरी पतनको बाटोमा पुगे ?

नेपाली भाषामा एउटा उखान छ, 'नाइके कमजोर भयो वा मुख्य शासक खोटो भयो भने जमातै खोटो हुन्छ ।' यसको सिधै अर्थ लाग्छ- यदि प्रधानमन्त्री वा राष्ट्रपति (आ-आफ्नो देशको संविधानले अधिकार दिएअनुसार) कमजोर वा दूरदर्शी भएनन् भने उनको मन्त्रीमण्डलका सदस्य, सचिव, मन्त्रालय, विभाग र प्रमुख जिल्ला कार्यालयका कर्मचारीहरू सबै खोटा हुनेछन् । यही कुरा शासक दलहरूमा पनि लागू हुनेछ ।

सार्वजनिक सम्पत्तिहरू ठुलठुला जग्गा-जमिन, पोखरी, मठमन्दिर वा सरकारी भवनहरू, जङ्गल र संस्थाहरूले प्रयोग गरी आएका सार्वजनिक चल-अचल सम्पत्तिहरू व्यक्ति व्यक्तिको नाममा नामसारी गर्दै भोगचलन र बेचबिखन गरी आएको पञ्चायत कालदेखि नै हो । यस्तै समाचारहरू हरेक दैनिक समाचार पत्रहरूमा आइरहेका छन् ।

पञ्चायत व्यवस्था फाल्न सक्षम बहुदलीय प्रजातान्त्रिक र पछिल्ला गणतान्त्रिक सरकारहरू सार्वजनिक सम्पत्तिलाई निजीमा दर्ता गर्ने र दर्ता गरिदिने कर्मचारीहरूलाई कारबाही गर्न असफल देखिँदै छन् वा कारबाही गर्न कम्मर कस्दै छन् । जनतालाई जानकारी दिनु प्रजातान्त्रिक परिपाटीभित्र पर्छ ।

'देशभरका अतिक्रमित जग्गा खोज्न सीडीओहरूद्वारा आलटाल', 'गृह मन्त्रालयले माग्यो दैनिक प्रगति विवरण' शीर्षकका उपशीर्षकहरू हुन्- 'अतिक्रमित जग्गा हटाउन नसक्ने सीडीओ हट्न सक्ने', 'देशभरमा सार्वजनिक जग्गा अतिक्रमण उच्च', 'झन्डै आधा जिल्लाका सीडीओ अक्षम रहेको दाबी ।' *( नेपाल समाचारपत्र, ९ वैशाख २०८१)*

सार्वजनिक र सरकारी जग्गा नै जालीफटाहा र भ्रष्टाचारीबाट पुनः सरकारले फिर्ता लिएर ती भूमिलाई सरकारको आम्दानीको स्रोत बनाई देश चलाउन र विकास गर्न कुनै पनि विदेशी सरकार र संस्थासँग मन्दिर-मन्दिरका बाटाहरूमा मगन्तेहरूले जस्तै नेपाल र नेपालीहरूले माग्नुपर्ने छैन । नेपाली जनता र सरकारले आफ्नो देशलाई इज्जत र गौरवका साथ विकास गराउन कम्मर कस्नु आवश्यक छ । खुट्टा कमाएर देश चल्दैन ।

वर्तमान नेपाली समाज प्राचीन समाजकै सिलसिला हो । त्यस समाजमा माथिल्ला प्रतिष्ठित, खानदानी, पण्डित वा उच्च वर्ग र जातिका परिवारलाई समाजमा ठुलो सम्मान हुन्थ्यो । धर्म, आचरण, समाजप्रति समर्पित र जनताका गुरु र शासक सम्झेर सबै अदवमा बस्थे । त्यस्तै परिवार र प्रतिष्ठित परिवारका व्यक्ति वा व्यक्तिहरूले पातकी, धर्मविरोधी र समाजमा गन्हाउने काम गरे तिनीहरूलाई पनि दासहरूलाई जस्तै समाजबाट बहिष्कृत गर्थे । मनु स्मृति र चाणक्य राजनीतिमा यसका सन्दर्भहरू जहाँतहाँ भेटिन्छन् ।

जात र भाषाअनुसार त्यसबेलाका जनताले सुसंस्कृत परिवार र शासकहरूलाई अदवले 'दर्शन' र 'ढोग' गर्नुपर्थ्यो । ती परिवार 'खस र आर्यहरू' या विद्वान् र शासकका खलक हुन्थे । तर, ठुलठुला भ्रष्टाचार गर्ने, देश एवं जनतालाई घात गर्ने व्यक्तिहरू आज माथिल्लै वर्गका पूजा गरिने परिवारकै देखिएका छन् ।

'हाइड्रोको नाममा जग्गाको धन्दा', 'सीता र तल्लो हेबाका अध्यक्षले ३३ लाखमा जग्गा किने, ६ करोडमा कम्पनीलाई भिडाए', 'सस्तोमा जग्गा किन्दै दसौँ गुणा महँगोमा हाइड्रोलाई भिडाउँदै' शीर्षकमा प्रस्ट भनिएको छ - '३५ मेगावाटको सीता हाइड्रोपावर कम्पनी लिमिटेडका अध्यक्षहरू हुन् सीताराम तिमल्सिना ।' *(अन्नपूर्ण- ९ वैशाख, २०८१)*

### शिक्षित र सुसंस्कृत परिवार !

राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक तथा टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुशील पौडेलले घुसबापतको रकम सिङ्गापुरस्थित बैङ्कमा जम्मा गरेको खुलासा भयो । *(अन्नपूर्ण- १० वैशाख, २०८१)*

'पौडेलको अकुत सम्पत्ति २३ करोड ७५ लाख', 'नेपालमा अरबौँका ठेक्का, सिंगापुरमा करोडौँ कमिसन', 'सिङ्गापुरको युयोकी बैङ्कमा ११ पटक ९ करोड ३० लाख जम्मा', 'सिङ्गापुरकै युनाइटेड ओभरसिज बैङ्कमा ९ पटक गरी ४ करोड २० लाख' का अङ्कहरू समाचारका शीर्षक र उपशीर्षकहरू हुन् । *(नेपाल समाचारपत्र- १० वैशाख, २०८१)*

यस्ता काण्डहरू गर्ने व्यक्तिको आँट वा हिम्मतभन्दा कुनै एक बलियो शासक दल र माथिल्लै सुसंस्कृत 'खस-आर्य' परिवारको आड भरोसामा गरेको अनुमान गर्नेहरू धेरै छन् । यसकारण, सरकारको छानबिनले शासक दलहरूको लाभमा पुग्दा छिटो वास्तविक कुरा जनताले थाहा पाउने थिए । 'युनाइटेड ओभरसिज बैङ्कमा विभिन्न समयमा जम्मा भएको ४ अर्ब २० लाख ?' बताइएको छ । *(नेपाल समाचारपत्र, १० वैशाख, २०८१)*

# धार्मिक परम्पराको विपरीत धार : चार्वाक दर्शन

✍ राजन

भारतमा रहेको धार्मिक कट्टरवादलाई इङ्गित गर्दै ओसो रजनीशले एक पटक भनेका थिए, यदि चार्वाक दर्शन भारतमा जीवितै भएको भए पश्चिमेली देशहरूमा भन्दा बढी वैज्ञानिक भारतमा हुन्थे । भारतीय समाजमा धर्मको नाममा अन्धविश्वास कति गहिरो रहेछ र अन्धविश्वासकै कारण समग्र भारत सामाजिक र आर्थिकरूपले किन पिछडिए भनेर अनुमान गर्न सकिन्छ । खासमा अन्धविश्वासको विरोध गर्ने र विज्ञानसम्मत तथ्यलाई विश्वास गर्ने चार्वाक दर्शन के हो त ?

भौतिकवादी र नास्तिक विचारहरूमा सबभन्दा पुरानो दर्शनमध्ये एक चार्वाक पुरातन भारतीय दर्शन हो जुन धार्मिक सिद्धान्तहरूलाई अस्वीकार गर्दै र जीवनको प्राथमिक लक्ष्यहरूको रूपमा अनुभवजन्य अवलोकनमा केन्द्रित थियो । चार्वाक दर्शनले ब्रह्माण्डको प्राकृतिक बुझाइको वकालत गर्दै आत्मा, मृत्युपछिको जीवन र कर्मजस्ता अधिभौतिक अवधारणाहरू प्रतिको शङ्कावादलाई जोड दिन्छ । चार्वाकले संसारलाई बुझ्ने प्राथमिक माध्यमको रूपमा अनुभवजन्य अवलोकन र प्रत्यक्ष अनुभवलाई जोड दिन्छ । चार्वाक दर्शनले ज्ञानको एकमात्र वैध स्रोत इन्द्रिय बोध ( प्रत्यक्ष) हो भन्ने विश्वास गर्छ । यसले भौतिक शरीरभन्दा बाहिरको अनन्त आत्मा वा चेतनाको अस्तित्त्वलाई अस्वीकार गर्छ ।

चार्वाक दर्शनले शास्त्र, परम्परा र अनुमानको अधिकारलाई अस्वीकार गर्दै ज्ञानको आधारको रूपमा इन्द्रियहरूमार्फत प्रत्यक्षरूपमा बुझ्न सकिन्छ भन्ने कुरामा ध्यान केन्द्रित गरे । अध्यात्मवादी दावीहरूको वैधतालाई खारेज गर्दै तिनीहरूले प्रत्यक्ष देखेको, सुनेको, अनुभव गरेको, स्वाद लिने वा गन्धजन्य कुरालाई मात्र सत्य ज्ञानको रूपमा विश्वास गर्न सकिन्छ भन्ने विश्वास गर्थे । चेतना भौतिक शरीरबाट उत्पन्न हुन्छ र मृत्युपछि अस्तित्त्व समाप्त हुन्छ भन्नेमा विश्वास गर्छ । चार्वाक दर्शन धार्मिक अलौकिकतालाई अस्वीकार गर्छ । यसले प्राकृतिक घटनाहरूको लागि अलौकिक व्याख्याहरूरहित प्राकृतिक विश्व दृष्टिकोणको वकालत गर्दछ । आध्यात्मिक अवधारणाहरूको अस्वीकार र धर्मप्रतिको शङ्कामा यसको जोड हुन्छ । धार्मिक कट्टरपन्थ र आध्यात्मिक दावीहरूप्रति चार्वाकले आलोचनात्मक सोच र बौद्धिक अनुसन्धानलाई प्रोत्साहित गर्दै परम्परागत विश्वासमा प्रश्न उठाएर प्रमाण खोज्छ । चार्वाक दर्शनले आत्मा, चेतना र मृत्यु पछिको जीवनजस्ता आध्यात्मिक संस्थाहरूको अस्तित्त्वलाई अस्वीकार गर्दछ भने धार्मिक सिद्धान्तहरू र आध्यात्मिक अवधारणाहरूलाई ठाडै अस्वीकार गर्छ । चार्वाक दर्शनले प्रायः पुरातन भारतका धार्मिक र आध्यात्मिक परम्पराहरूमा आधारित अन्य दार्शनहरूको आलोचना र विरोध गरेको थियो ।

चार्वाक दर्शनले आनन्द (काम) लाई उच्चतम महत्त्व दिन्छ । व्यक्तिले आनन्द खोज्नुपर्छ र पीडाबाट जोगिनुपर्दछ, आनन्दमा केन्द्रित हुनुपर्छ भनेर वकालत गर्छ । चार्वाक दर्शनको केन्द्रबिन्दु भनेकै आनन्दको खोजी हो । चार्वाक दर्शनले जीवनको प्राथमिक लक्ष्यको रूपमा सुख (काम) र भौतिक कल्याणको खोजी गर्दछ । जीवनको आनन्द लिने र वर्तमान क्षणमा खुसी खोज्ने तथा आनन्दउन्मुख दृष्टिकोण खोज्नु नै चार्वाक दर्शन हो ।

चलन चल्तीमा रहेको विभिन्न धार्मिक र अध्यात्मिक दर्शनहरूको खुलेर विरोधमा रहेको यो दर्शनको हत्या गर्न कट्टर धर्मान्धहरू लागिपरे । नैतिक विचार वा दीर्घकालीन परिणामहरूको वास्ता नगरी सुखवादमा अत्यधिक ध्यानले स्वार्थ, शोषण र नैतिक पतन निम्त्याउँन्छ भन्ने अध्यात्मवादीहरूको तर्क रहेको छ । भौतिकवादमा चार्वाक दर्शनको विशेष जोडले गर्दा वास्तविकता, नैतिकता र मानव अस्तित्त्वको जिज्ञासालाई सीमित बनाएको र धार्मिक अधिकार तथा नैतिक संहिताहरूको अस्वीकारले सम्भावितरूपमा सामाजिक अस्थिरता ल्याउने भनेर धार्मिक कट्टरवादीको कोपभाजनको शिकार भएको छ ।

पुराना धर्मको सङ्ख्या उत्तिकै छ । त्यसमाथि नयाँ नयाँ धर्महरूको अभ्यास बढ्दै छ । तर, धार्मिक दर्शनलाई अस्वीकार गर्ने चार्वाक दर्शन किन टिकिरहन सकेन भन्ने धेरैको जिज्ञासा रहेको हुनसक्छ । चार्वाक दर्शनले धेरै चुनौतीहरूको सामना गर्यो । चार्वाकलाई देखिनसहने ब्राह्मणहरूले यसलाई राक्षससम्म भने । ईश्वरको नाम जपेर, स्वर्गको सपना देखाउने र नरकको त्रास देखाएर आफ्नो दुनो सोझो पार्ने एकजमातले चार्वाकको खेदो खन्दा खन्दा वर्तमान समयमा यसको उपस्थिति शून्यजस्तै बनाएको छ । धेरैजसो चार्वाक साहित्य संरक्षित नै गरिएन जसले गर्दा दर्शनका जिज्ञासुहरूलाई चार्वाक साहित्यलाई पूर्णरूपमा बुझ्न गाऱ्हो बनाएको छ । यसको कारण चार्वाकलाई प्रतिनिधित्व गर्ने प्रत्यक्ष देख्न सकिने वा छुन सकिने कुनै भौतिक वस्तु नरहँदा पनि चार्वाक धेरैको सम्झनामा आउन सकेन ।

भारतमा आध्यात्मिक र धार्मिक परम्पराहरू अधिक प्रबल हुँदै गएपछि चार्वाकजस्ता भौतिकवादी र नास्तिक दृष्टिकोणहरू सीमान्तकृत हुँदै गए । संस्थागत संरक्षण पाएका केही अन्य दार्शनिक परम्पराहरूको विपरीत चार्वाक दर्शनमा सङ्गठित संरचनाहरूको अभाव थियो । सङ्गठनको अभावमा चार्वाक दर्शनले धार्मिक कट्टरपन्थी र आध्यात्मवादीको प्रतिकार गर्न नसक्दा अझ कमजोर हुँदै गएको थियो । मन्दिर, चर्च वा मस्जिदजस्ता भौतिक संरचनाहरूले सङ्गठित धर्महरूलाई प्रतिनिधित्व गरेजस्तै चार्वाक दर्शनलाई प्रतिनिधित्व गर्ने कुनै भौतिक संरचना थिएन । विनाप्रमाण, अनुमानको भर र दन्त्य कथाको स्वरूपमा भनिने धार्मिक कथाको राप र तापले ग्रस्त समाजमा पहिलो पटक ईसापूर्व छैटौँ शताब्दीमा देखापरेको चार्वाक दर्शनको पक्षमा बोल्नु त अहिले पनि गाऱ्हो नै छ ।

यी चुनौतीहरूको बाबजुद भौतिकवाद र नास्तिकताका क्षेत्रमा चार्वाक दर्शनका तत्त्वहरूले आधुनिक चिन्तनलाई प्रभाव पारी नै रहेको छ । दार्शनिक विचारहरू साहित्य, शैक्षिक प्रवचन, सामाजिक सञ्जाल र अनौपचारिक छलफलजस्ता विभिन्न माध्यमहरूमार्फत फैलाउनुपर्छ ।

स्मारक वा भौतिक संरचनाहरूले दार्शनिक विचारहरू, ऐतिहासिक व्यक्तित्वहरूको संरक्षण र सम्झनामा महत्त्वपूर्ण भूमिका खेल्छ । स्मारकले ज्ञान प्रसारण गर्न र भावी पुस्ताहरूलाई प्रेरित गर्न मद्दत गर्छन् । यस हिसाबले चार्वाक दर्शनमाथि सकारात्मक वा नकारात्मक बहसकै लागि पनि सरकारीस्तरबाटै चार्वाक दर्शनलाई प्रतिनिधित्व गर्ने स्मारक कहीँकतै स्थापित गर्नुपर्छ । यसले चार्वाक विचारलाई सम्मान गर्न र सम्झनको लागि सहयोग गर्दछ । स्मारकले मानिसहरूलाई ऐतिहासिक घटना, दार्शनिक आन्दोलन र प्रभावशाली विचारकहरूको बारेमा जानकारी गराउन मद्दत गर्दछ र योगदानलाई सम्झेर आगामी पिँढीलाई प्रेरित गर्न सक्छ । स्मारकले सांस्कृतिक परम्परा र पुस्ताबिचको पहिचानको निरन्तरतामा योगदान पुऱ्याउँछन् । केही दार्शनिक विचारहरू अधिक अमूर्त हुनसक्छन् र स्मारकहरूमार्फत दृश्य प्रतिनिधित्वको रूपमा सजिलैसँग बुझ्न सक्छ । जे होस्, ऐतिहासिक महत्त्व भएका चार्वाकजस्ता दर्शनका लागि, स्मारकहरूको निर्माणले दर्शनको इतिहासमा उनको योगदानको बारेमा सचेतना र समझदारी बढाउन मद्दत गर्दछ ।

# सहिदगेटबाट सहिदको खबरदारी

✍ सिम्रिक

हिजो आज सञ्चारमाध्यममा चर्चित हास्यव्यङ्ग्य कलाकार मनोज गजुरेलको 'सहिदगेट' नामक हास्यव्यङ्ग्य प्रदर्शन हेरेर प्रभावित भएका सबैले मन पराएर प्रसार गरेको देखिन्छ । दर्शकहरू सबैको मन मस्तिष्क छुने, मार्मिक र गौरवपूर्ण उक्त प्रदर्शन लाखौँ, द्रष्टा, स्रोताले हेरेका र सुनेका छन् । उक्त प्रदर्शनमा सहिदगेटको परिसरमा सहिद शुक्रराज जोशी (शास्त्री) को भूमिका तथा अभिनय कलाकार मनोज गजुरेलले गरेका छन् भने सहिद दशरथ चन्दको अभिनय अर्जुन खड्काले गरेका छन् । कलाकार गजुरेल अर्थात सहिद शुक्रराज जोशीले सेवा प्रहसनको क्रममा व्यक्त गरिएका मार्मिक, व्यङ्ग्यात्मक र गौरव गर्नलायक केही अभिव्यक्ति, खबरदारीहरू पनि छन् ।

'अन्धकारमा ज्योति छर्दैन भने बत्ती या पाला केको लागि ? निरङ्कुशताको उन्माद मर्दैन भने सिद्धान्तको रङ्गशाला केको लागि ?'

निश्चय पनि बत्तीको महत्त्व अन्धकारमा हुन्छ । यसको स्वाभाविक काम भनेको अन्धकारलाई चिरेर उज्यालो छर्नु हो । जसरी, हिजो गंगालाल श्रेष्ठ, शुक्रराज जोशी, दशरथ चन्द, धर्मभक्त माथेमाजस्ता वीर सहिदहरूले जीवनको बलिदान दिएर प्रजातन्त्रको उज्यालो छरे, भीमसेन थापा, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरजस्ता वीर योद्धाहरूले साम्राज्यवादी अङ्ग्रेजहरूसँग वीरतापूर्वक लडेर देशभक्ति र स्वाभिमानको उज्यालो छरे, उनीहरूकै नाम, योगदान र प्रेरणाबाट बागडोर सम्हालेका आजसम्मका शासक दल, त्यसका नेताहरूले गरिब जनतासम्म पुग्ने गरी, किसान मजदुरसम्म पुग्ने गरी देशभक्ति, स्वाभिमान, प्रजातन्त्र, समृद्धि र विकासको उज्यालो छर्न र पुऱ्याउन सकेका छैनन् । त्यसैले निष्ठा र नैतिकताको स्वस्थ राजनीतिमा उनीहरूको औचित्यमाथि व्यङ्ग्य र खबरदारी गरेकाको रूपमा दर्शकहरूले लिएका छन् । निरङ्कुश पञ्चायती व्यवस्थाको विरूद्ध लडेर आएका आजका शासक दल र निरङ्कुश राजा र व्यवस्थाकै बाटो पछ्याएर अगाडि बढेको, सत्ता, बल, पैसाको अहङ्कार देखाएर निरङ्कुशता र आडम्बर प्रवृत्तिमाथि व्यङ्ग्य गरेका छन् । उनीहरूको व्यवहार र प्रवृतिले, कामले विचार, सिद्धान्त, निष्ठाविपरीत परिणाम देखाउँदै छ । सिद्धान्त जतिसुकै राम्रो भएता पनि व्यवहारको प्रवृत्ति उल्टो, पाखण्डी भएपछि काम नलाग्ने, औचित्यहीन हुने सन्देशको रूपमा सबैले लिएको पाइन्छ । श्रीखण्डको महत्त्व, मूल्य थाहा नभएका, जानाजान थाहा भएर पनि दुरूपयोग गरेका मनुवाको लागि त्यो खुर्पाको बिँड हुन्छ ।

राष्ट्र र राष्ट्रियता भन्ने देशभक्ति गौरव नै मासियो, रहेन भने झन्डाको अर्थ रहँदैन । मुख्य कुरा देश, राष्ट्र र राष्ट्रियता हो । त्यसअनुसारको सोच, विचार, व्यवहार र परिणाम मुख्य र महत्त्वपूर्ण हुन्छ । कुरा र भाषण देशभक्तिको, जनताको, राष्ट्र र राष्ट्रियताको गौरव गर्ने, कोटमा राख्ने तर कामको परिणामले देशघात, देशद्रोही भयो भने त्यसको केही अर्थ र महत्त्व राख्दैन । त्यस्ता राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, कर्मचारी जोसुकै भए पनि तिनीहरू देशघाती, राष्ट्रघाती र देशद्रोही हुन् । तिनीहरूले सहिद र वीर योद्धाहरूको गलामा रङ्गीचङ्गी माला लगाउनु, फूलको गुच्छा चढाउनु भनेको ढोङ्गी, पाखण्डी हुन् । त्यस्तो माल्यार्पणको कुनै अर्थ र महत्व रहँदैन ।

हामीले हिजो क्रान्ति गर्दा नशा नशामा रातो रगत बग्थ्यो ; लोभ, पाप केही थिएन । केबल देशभक्तिको भावना र त्याग थियो ; केवल देश, जनता, अधिकार, प्रजातन्त्रको प्रेरणा र प्रभाव थियो । रातो रगत, जोश, जाँगर बलिदानको भावना थियो ।तर, आज ती हिजोको त्यागी, देशभक्त भनिएका शासक नेताहरूमा रातो रगतको ठाउँमा पहेँलो सुन, भ्रष्टाचारको रगत बग्न थालेका छन् भनेर व्यङ्ग्य गरेका छन् । किलोका किलो, क्विन्टलका क्विन्टल सुन काण्डमा परेर, विभिन्न काण्डमा परेर सजाय पाएका ठुला माछाहरूलाई छाडेर साना माछाहरूलाई मात्र देखावटी दण्ड दिएको घटनाले पनि यो आरोप पुष्टि भएको सबैले देखेकै कुरा हुन् । त्यसैले अब नेताहरू जुनसुकै दलका हुन् देशको समृद्धि, विकास र रक्षाको लागि रातो रगत मन र तनमा बग्नु, बगाउनुपर्यो भनेर आह्वान गरिएका छन् ।

तपाई (शुक्रराज जाशी) लाई कालीमाटीको पञ्चली भैरवस्थित सिमलको रूखमा फाँसी चढाउने बेलामा राणाहरूले भाग्ने अवसर दिँदा पनि नभागी आफैले पासो गलामा कस्न किन तयार हुनुभएको भनी दशरथ चन्द (अर्जुन खड्का) को प्रश्नको उत्तरमा वीर कहिल्यै पनि मृत्युसँग डराउँदैन, भाग्दैन, रूँदैन बरु हाँस्छ भनी वीर देशभक्ति प्रेरक जवाफ शुक्रराजले

**बाँकी पृष्ठ ७ मा**

# संरा अमेरिकामा प्रजातन्त्रको अवस्था - ६

**ग) नाकाबन्दीको दुरूपयोगले अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन भएको छ**

संरा अमेरिकाले अरू देशसँग व्यवहार गर्न एकोहोरो नाकाबन्दीको 'मोटो लाठी' प्रयोग गर्ने गरेको छ। धेरै वर्षदेखि संरा अमेरिकाले आर्थिक प्रभुत्ववादको अभ्यास गर्दै आएको छ। अरू देशविरुद्ध बारम्बार, एकोहोरो हस्तक्षेपको लागि उसले आफ्नो प्राविधिक मुकुन्डोको दुरूपयोग गर्दै आएको छ।

संरा अमेरिकाले 'अन्तर्राष्ट्रिय आर्थिक शक्ति कानुन', 'विश्वव्यापी माग्निट्स्की मानवअधिकार उत्तरदायित्व कानुन', 'नाकाबन्दीमार्फत अमेरिकाका विरोधीको प्रतिरोध गर्ने कानुन' जस्ता केही खतरनाक कानुनहरू बनाएको छ। कुनै पनि देश, संस्था वा व्यक्तिलाई निशाना बनाएर उसको विरोधमा नाकाबन्दी थोपर्न अमेरिकाले यिनै कानुनलाई आधार बनाउने गरेको छ।

यी कानुन र सरकारी आदेशमा रहेका अस्पष्ट नियम, जस्तै- 'न्यूनतम सम्पर्क सिद्धान्त' र 'विचारधाराको प्रभाव' आदि वास्तवमा संरा अमेरिकी आन्तरिक कानुनको क्षेत्राधिकारको आफूखुसी विस्तार हो।



इराकी भूमिमा अमेरिकी सेना

यी कानुन र सरकारी आदेशले अरू देशका संस्था वा व्यक्तिमाथि कारबाही गर्न वा त्यस्तो कारबाहीको लागि 'क्षेत्राधिकार विस्तारित गर्न' संरा अमेरिकी सरकारलाई आफ्ना आन्तरिक संरचना परिचालन गर्न मार्गप्रशस्त गर्छन्। यसका दुई प्रमुख उदाहरण फ्रान्सेली कम्पनी अल्स्टम र चिनियाँ हुवावे कम्पनीका आर्थिक मामिला प्रमुख मेङ वानचाओका घटना हुन सक्छन्।

तथ्याङ्कले ट्रम्प सरकारले मात्र संसारभर ३ हजार ९ सयभन्दा बढी प्रतिबन्धहरू थोपरेको देखाउँछ। त्यसको अर्थ संरा अमेरिकाले आफ्नो 'मोटो लाठी' औसतमा दिनको तीन पटक प्रयोग गर्ने गरेको छ। आर्थिक वर्ष सन् २०२१ मा संरा अमेरिकी नाकाबन्दी भोगेका संस्था वा व्यक्तिको कुल सङ्ख्या ९ हजार ४२१ पुगेको छ। अघिल्लो वर्षको तुलनामा यो क्रमश: बढ्ने क्रममा छ।

संरा अमेरिकाले मनपरी थोपर्ने एकोहोरो नाकाबन्दी र 'विस्तारित क्षेत्राधिकार' ले अरू देशका सार्वभौमिकता र सुरक्षालाई नराम्ररी उपेक्षा गर्दै आएको छ। फलत: ती देशको आर्थिक विकास र जनताको भलाइमाथि गम्भीर प्रभाव परेको छ। नाकाबन्दी र 'विस्तारित क्षेत्राधिकार' अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन एवम् अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यताविपरीत छन्।

अरू देशमाथि संरा अमेरिकी नाकाबन्दी सन् २०२१ मा पनि अनियन्त्रितरूपमा चालु रह्यो।

आफ्ना युरोपेली साझेदार देशहरूसँग मिलेर संरा अमेरिकी सरकारले रूसविरुद्धको घेराबन्दी र दमनलाई अझ सघन बनाउँदै लगेको छ। नाभाल्नी घटना, रूसी साइबर हमला र संरा अमेरिकी चुनावमा चलखेलको जवाफ भन्दै संरा अमेरिकाले रूसमाथि अघोषित नाकाबन्दीहरू बढाउँदै लगेको छ। रूसविरुद्ध कूटनीतिक युद्धको सिलसिलामा रुसी कूटनीतिज्ञहरूलाई आफ्नो देशबाट निष्कासन गर्नसमेत संरा अमेरिका पछि परेको छैन।

संरा अमेरिकाले नोर्ड स्ट्रिम-२ प्राकृतिक ग्यासको पाइपलाइन परियोजना र विद्युतीय सेवा करजस्ता विषयलाई लिएर आफ्ना युरोपेली मित्र देशहरूमाथि समेत नाकाबन्दी थोपर्न कत्ति पनि असहज अनुभव गरेन।

चीन-संरा अमेरिकाबिच पहिलो चरणको व्यापार सम्झौताको प्रभावबाट आत्तिएर संरा अमेरिकाले चीनमाथि थप घेराबन्दी र असहजता निम्त्याउने काम गर्‍यो। उसले आफ्नो निषेधको सूचीमा ९४० भन्दा बढी चिनियाँ निकाय र व्यक्तिलाई सूचिकृत गर्‍यो। संरा अमेरिकाको अर्थ विभागअन्तर्गत वैदेशिक सम्पत्ति नियन्त्रण कार्यालयको तथ्याङ्कअनुसार सन् २०२१ को अक्टोबर १९ सम्ममा हङकङ र मकाउसहित चीनका ३९१ वटा संस्था र व्यक्तिमाथि संरा अमेरिकाले नाकाबन्दी थोपरेको छ।

'फरेन अफेयर्स' नामको अनुसन्धानमूलक पत्रिकाको सन् २०२१ को सेप्टेम्बर/अक्टोबर महिनाको अङ्कमा प्रकाशित लेखमा टफ्टस् विश्वविद्यालयका प्राध्यापक र ब्रुक्लिङ प्रतिष्ठानका वरिष्ठ अध्येता डानिएल ड्रेजनरले संरा अमेरिकाका एकपछि अर्को सरकारले 'हरेक वैदेशिक नीतिको समस्याको समाधानको रूपमा नाकाबन्दी' लाई प्रयोग गरेको लेखेका छन्। उनले त्यस्ता नाकाबन्दी निष्प्रभावीमात्र होइनन्, बरु 'मानवीय क्षतिसमेत भएको' ले संयुक्त राज्य अमेरिकालाई 'संयुक्त राज्य नाकाबन्दी' भन्न उपयुक्त हुने बताए।

संरा अमेरिकाका एकोहोरो नाकाबन्दी अमेरिकी र अन्य देशका जनताको




मानवअधिकारको लगातारको गम्भीर उल्लङ्घन हो। क्युवाविरुद्धको संरा अमेरिकाको लामो नाकाबन्दी यसको सबभन्दा खराब उदाहरण हो।

६० वर्षभन्दा लामो समयदेखि संरा अमेरिकाले क्युवाविरुद्ध विस्तारित नाकाबन्दीलाई चालु राखेको छ। संयुक्त राष्ट्र सङ्घीय महासभामा क्युवामाथिको नाकाबन्दीविरुद्ध पारित कैयौँ प्रस्तावको संरा अमेरिकाले वास्ता गरेको छैन। 'टोरिसिल्ली कानुन' र 'हेम्स-बर्टन कानुन' जस्ता संरा अमेरिकाका नाकाबन्दी नीति र आन्तरिक कानुनको आधारमा क्युवामाथि वासिङ्टनले ती नाकाबन्दी थोपर्दै आएको छ।

क्युवाविरुद्धको नाकाबन्दी संसारको आधुनिक इतिहासमा सबभन्दा लामो र क्रूर प्रणालीगत व्यापारिक, आर्थिक र वित्तीय नाकाबन्दी हो। क्युवाको आर्थिक र सामाजिक विकासमा अमेरिकाको नाकाबन्दीले घातक प्रभाव पार्दै आएको छ। नाकाबन्दीको कारण क्युवाको अर्थतन्त्रमा १ खर्ब अमेरिकी डलर बराबरको क्षति भएको छ।




अमेरिकी प्रजातन्त्रप्रतिको अविश्वास

इरानविरुद्ध संरा अमेरिकी नाकाबन्दी सन् १९७० को दशकको उत्तरार्द्धबाट सुरु भयो। त्यसयता बितेका चालिस वर्षमा संरा अमेरिकी एकोहोरो नाकाबन्दी गहिराइ र आकार दुवैमा बढेको छ। आज इरानविरुद्ध अमेरिकी नाकाबन्दी अर्थतन्त्र, व्यापार र ऊर्जा क्षेत्रमा समेत विस्तार भएको छ। इरानका विभिन्न निकाय र व्यक्तिलाई नाकाबन्दीले निशाना बनाएको छ। नाकाबन्दीको मूल प्रयोजन भने सबै कोणबाट इरानमाथि दबाब सघन बनाउनु हो।

सन् २०१८ को मे महिनामा संरा अमेरिकी सरकारले संयुक्त विस्तृत कार्य योजना - इरान आणविक सम्झौता (जीसीपीओए) बाट हात झिक्ने निर्णय गर्‍यो। सम्झौताबाट फिर्ता भएलगत्तै उसले इरानविरुद्ध नाकाबन्दी पुन: थोपर्‍यो र अझ विस्तार गर्‍यो। धेरै देश र निकायलाई इरानसँग उनीहरूले गर्दै आएको सहकार्य त्याग्न बाध्य बनायो। इरानको उत्पादनमूलक उद्योगले नियमित गतिमा काम गर्न सकेनन्। इरानले आर्थिक सङ्कट भोग्नुपर्‍यो; त्यहाँको मुद्रास्फीति अचाक्ली बढेको र मुद्राको मूल्य व्यापकरूपमा घटेको छ।

संरा अमेरिकाले बेलारूस, सिरिया र जिम्बाब्वेमाथि वर्षौं वर्षदेखि नाकाबन्दी थोपरेको छ। प्रजग कोरिया, भेनेजुयला आदि देशहरूविरुद्ध पनि संरा अमेरिकाले 'अधिकतम दबाब' थोपर्दै आएको छ।

**घ) 'प्रजातन्त्रको प्रकाशस्तम्भ' माथि विश्वव्यापी आलोचना**

संसारका जनताको आँखा निकै तीखो छ। उनीहरूले संरा अमेरिकी प्रजातन्त्रका कमी - कमजोरी राम्ररी देखेका छन्। संरा अमेरिकी 'प्रजातान्त्रिक मूल्य' को निर्यातमा निहित पाखण्डी र प्रजातन्त्रको नाममा संसारभर संरा अमेरिकाले लाद्दै आएको प्रभुत्ववाद तथा हस्तक्षेप पनि जनताले देख्दै भोग्दै आएका छन्।

रूसी विदेश मन्त्रालयका एकजना प्रवक्ताले एकपटक भनेका थिए, "संरा अमेरिका आफूलाई 'प्रजातन्त्रको प्रकाशस्तम्भ' का रूपमा देखाउनमा अभ्यस्त बनिसकेको छ। उसले सबैलाई उनीहरूले भन्ने गरेको 'शान्तिपूर्ण प्रदर्शन' प्रति मानवीय व्यवहार गर्न आग्रह गर्छ। तर, आफ्नै घरभित्र भने उसले ठीकविपरीत कदम चाल्ने गरेको छ।" उनले संरा अमेरिका 'प्रजातन्त्रको प्रकाशस्तम्भ' नभएको भन्दै अमेरिकी सरकारले केही राम्रा काम गर्न पहिला 'आफ्ना नागरिकमाथि दमनमा उत्रनु होइन, उनीहरूका कुरा राम्ररी सुन्नुपर्ने र अरू देशको मानवअधिकारको अवस्थाबारे पाखण्डपूर्वक बोल्न बन्द गर्नुपर्ने' बताइन्। "संरा अमेरिका अरू देशलाई मानवअधिकार र नागरिक स्वतन्त्रताको विषयमा उपदेश दिने स्थानमा छैन," उनले भनिन्।

सन् २०२१ को मे महिनामा जर्मनीको एउटा मत सर्वेक्षण निकाय लाताना र नाटोका महासचिव तथा डेनमार्कका प्रधानमन्त्री एन्डर्स फोग रसमुस्सेनले स्थापना गरेको 'प्रजातन्त्र मोर्चा' ले ५३ देशका ५० हजारभन्दा बढी मानिसबिच गरिएको सर्वेक्षणमा आधारित रहेर प्रजातन्त्रबारे बुझाइ सूचकाङ्क सार्वजनिक गरेका थिए। सो अध्ययनअनुसार ४४ प्रतिशत उत्तरदाताहरूले आफ्नो देशमा प्रजातन्त्रको निम्ति संरा अमेरिका नै सबभन्दा ठुलो खतरा हुन सक्ने उत्तर दिएका थिए। उत्तर दिएकामध्ये ५० प्रतिशत अमेरिकीहरूले 'संरा अमेरिका अप्रजातान्त्रिक देश बन्दै' गएकोमा चिन्ता व्यक्त गरेका थिए। संरा अमेरिकी उत्तरदातामध्ये ५९ प्रतिशतले आफ्नो सरकारले मुट्ठीभर मानिसका स्वार्थको मात्र सेवा गरिरहेको उत्तर दिएका थिए।

सन् २०२१ को जून महिनामा 'द वासिङटन पोस्ट' मा युनिभर्सिटी कलेज लन्डनका राजनीतिशास्त्रका सहायक प्राध्यापक ब्राइन क्लासको लेख प्रकाशित भएको थियो। 'अमेरिकी प्रजातन्त्रको कमजोरीले संसार त्रस्त बनेको छ' शीर्षकको सो लेखमा पिउ अनुसन्धान केन्द्रका तथ्याङ्क उद्धृत गर्दै संरा अमेरिका 'डाँडोको टुप्पामा रहेको चहकिलो सहर' नरहेको बताएका छन्। संरा अमेरिकाका साझेदार देशहरूका जनता पनि संरा अमेरिका 'विश्रृङ्खलित र स्खलित' भएको धारणा राख्छन्। न्युजिल्यान्डका ६९ प्रतिशत, अस्ट्रेलियाका ६५ प्रतिशत, क्यानाडाका ६० प्रतिशत, स्वीडेनका ५९ प्रतिशत, नेदरल्यान्डका ५६ प्रतिशत र बेलायतका ५३ प्रतिशत मानिसहरूले संरा अमेरिकी राजनीतिक व्यवस्थाले राम्रो परिणाम दिन नसकेको सोचाइ राख्ने सर्वेक्षणले देखाएको छ। फ्रान्स, जर्मनी, न्युजिल्यान्ड, ग्रीस, बेल्जियम र स्वीडेनका चौथाइभन्दा बढी मानिस अमेरिकी प्रजातन्त्र अब पछ्याउनलायक असल प्रजातन्त्र नभएको मतमा विश्वास गर्छन्।

मत सर्वेक्षण गर्ने संस्था इयपिनियनको प्रतिवेदनअनुसार युरोपेली सङ्घमा संरा अमेरिकाप्रतिको विश्वास क्रमश: ओरालो लागेको छ। ५२ प्रतिशत उत्तरदाताले संरा अमेरिकी प्रजातान्त्रिक प्रणालीले काम नै नगरेको मत व्यक्त गरे। फ्रान्सका ६५ प्रतिशत र जर्मनीका ६१ प्रतिशत मानिसहरू पनि यस्तै सोचाइ राख्छन्।

सन् २०२१ को सेप्टेम्बरमा बेलायती विद्वान् मार्टिन उल्फको 'अमेरिकी प्रजातन्त्रको अनौठो मृत्यु' शीर्षकको लेख 'द वासिङ्टन टाइम्स' मा प्रकाशित भएको थियो। सो लेखमा उल्फले संरा अमेरिकी राजनीतिक अवस्था अहिले 'फर्किन नसक्ने बिन्दु' मा पुगेको र 'प्रजातान्त्रिक गणतन्त्रको अधिनायकवादी शासनतिर रूपान्तरण हुँदै गरेको' लेखेका छन्।

सन् २०२१ को नोभेम्बरमा स्वीडेनको 'प्रजातन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान' ले प्रजातन्त्रको अवस्थाबारे विश्वव्यापी सूची सार्वजनिक गरेको थियो। सो सूचीमा पहिलोपटक संरा अमेरिकी प्रजातन्त्र तल झर्दै गएको देखाइएको छ। सो संस्थाका महासचिवले 'संरा अमेरिकामा प्रजातन्त्र देखिने गरी क्षयीकरणको दिशामा गएको' र 'चुनावी परिणामको विश्वसनीयता घटेको, चुनावमा जनसहभागिता कम गर्ने प्रयास भएको र चरम ध्रुवीकरणको अवस्था' बनेको बताए।

भारतका राजनीतिक अभियन्ता योगेन्द्र यादवले संरा अमेरिका 'प्रजातन्त्रको उदाहरण' नरहेको बताए। अब संरा अमेरिकाले आफ्नो प्रजातन्त्रको समीक्षा गर्नुपर्ने र अरू देशका प्रजातन्त्रबाट पनि संरा अमेरिकाले सिक्नुपर्ने उनको मत छ।

मेक्सिकोबाट प्रकाशित हुने 'प्रोसेसो' नामको पत्रिकामा बाहिरबाट हेर्दा संरा अमेरिकी प्रजातन्त्र स्वतन्त्र र प्रजातान्त्रिक जस्तो देखिए पनि त्यसमा ठुल्ठुला कमी कमजोरी भएको टिप्पणी गरिएको छ।

प्रिटोरिया विश्वविद्यालयमा राजनीतिशास्त्र विभागका वरिष्ठ अध्यापक सिथेमबाइल एमबेटेको एउटा लेख 'मेल एन्ड गार्जियन' पत्रिकामा प्रकाशित भएको थियो। सो लेखमा उनले लेखेका छन्, "स्वतन्त्र र निष्पक्ष चुनावका धेरै सूचकाङ्कजस्तै मतदाताको भूमिका, चुनावको केन्द्रीकृत व्यवस्थापन, एकैथरी नीति-नियम अहिले

*बाँकी पृष्ठ ७ मा*



अप्रिल २०, २०२४ का दिन दक्षिणी गाजापट्टीको रफाहमा इजरायली बमबारीमा मारिएका आफ्ना बालबालिकाको शवप्रति शोक पोखिरहेकी एक प्यालेस्टिनी महिला। अप्रिल २३ का दिन गाजामाथि नृशंस आक्रमणको २०० औं दिन पुगेको छ भने आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या ३४,१८३ पुगेको छ, कम्तीमा ७७,१४३ घाइते भएका छन्। अक्टोबरको सुरुदेखि ७,००० जना बेपत्ता वा मृत्यु भइसकेको अनुमान गरिएको छ। स्वास्थ्य अधिकारीहरूका अनुसार मृत्यु हुनेहरूमा १४,५०० भन्दा बढी बालबालिका र ९,५०० महिला रहेका छन्, जसमध्ये ७० प्रतिशतभन्दा बढी पीडित छन्।

*तस्विर : एएफपी*

# सन् २०२३ मा जलवायु र मौसमी प्रकोपबाट एसिया सबैभन्दा बढी प्रभावित

जेनेभा, २३ अप्रिल (एएफपी)। सन् २०२३ मा जलवायु र मौसमी खतराबाट एसिया विश्वको सबैभन्दा धेरै प्रकोप प्रभावित क्षेत्र भएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार बताएको छ। एसियामा बाढी र आँधी मानवीय र आर्थिक क्षतिको प्रमुख कारण भएको बताइएको छ।

गत वर्ष विश्वव्यापी तापक्रम कीर्तिमानी उचाइमा पुगेको छ। राष्ट्रसङ्घको मौसम तथा जलवायु एजेन्सीले एसियामा विशेषरूपमा तीव्र गतिमा तापक्रम बढिरहेको बताएको छ। विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) ले एसियामा गर्मीको लहरको प्रभाव अझ गम्भीर हुँदै र पग्लिँदै गरेको हिमनदीबाट एसियाको भविष्यको जल सुरक्षामा खतरा उत्पन्न भएको बताएको छ।

गत वर्षको तापक्रम सन् १९६१ देखि सन् १९९० को औसतभन्दा करिब दुई प्रतिशतले बढी रहेको भन्दै डब्ल्युएमओले एसियामा विश्वव्यापी औसतको तुलनामा तीव्ररूपमा तापक्रम बढिरहेको बताएको छ।

डब्ल्युएमओका प्रमुख सेलेस्टे साउलोले एक विज्ञप्तिमा भन्नुभयो, "प्रतिवेदनको निष्कर्ष गम्भीर छ, यस क्षेत्रका धेरै मुलुकले सन् २०२३ मा आफ्नो सबैभन्दा तातो वर्षको अनुभव गरेका छन् भने खडेरी र गर्मीको लहरदेखि लिएर बाढी र आँधीसम्मको चरम स्थितिको सामना गरेका छन्। जलवायु परिवर्तनले यस्ता घटनाहरूको आवृत्ति र गम्भीरतालाई बढाएको छ, यसको समाज, अर्थतन्त्र र सबैभन्दा महत्त्वपूर्णरूपमा मानव जीवन र हामी बस्ने वातावरणमाथि गहिरो प्रभाव पारेको छ।"

एसियामा जलवायुको अवस्था २०२३ को प्रतिवेदनमा यस क्षेत्रको समाज, अर्थतन्त्र र पारिस्थितिकीय प्रणालीका लागि गम्भीर प्रभाव पार्ने सतहको तापक्रम, पग्लिँदै गरेको हिमनदी र समुद्रको स्तरमा वृद्धिजस्ता प्रमुख जलवायु परिवर्तनका सूचकहरूको तीव्र गतिमाथि प्रकाश पारिएको छ।

"सन् २०२३ मा एसिया मौसम, जलवायु र पानीसम्बन्धी खतराबाट विश्वको सबैभन्दा बढी प्रकोप प्रभावित क्षेत्र बनेको छ," डब्ल्युएमओले भनेको छ। सन् २०२३ मा एसियामा सतह निकट वार्षिक औसत तापक्रम रेकर्डमा दोस्रो सबैभन्दा धेरै थियो। यो सन् १९९१-२०२० को औसतभन्दा शून्य दशमलव ९१ डिग्री सेल्सियसले र सन् १९६१-१९९० को औसतभन्दा एक दशमलव ८७ डिग्री सेल्सियसले अधिक थियो।

पश्चिमी साइबेरियादेखि मध्य एसिया र पूर्वी चीनदेखि जापानसम्म विशेषरूपमा उच्च औसत तापक्रम रेकर्ड गरिएको र जापानमा अहिलेसम्मकै सबैभन्दा गर्मी रेकर्ड गरिएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, हिमालय तथा पाकिस्तान र अफगानिस्तानको हिन्दूकुश पर्वत शृङ्खलामा वर्षा सामान्यभन्दा कम भएको थियो।

यसैबिच गत वर्ष दक्षिण पश्चिम चीनले खडेरीको सामना गर्नुपर्यो। वर्षको करिब प्रत्येक महिनामा यहाँ वर्षाको स्तर सामान्यभन्दा कम रहयो। तिब्बती पठारमा केन्द्रित हाई-माउन्टेन एसिया क्षेत्र अर्थात् ध्रुवीय क्षेत्रबाहिर बरफको सबैभन्दा ठूलो मात्रा विद्यमान छ।

पछिल्लो धेरै दशकमा यीमध्ये अधिकांशमा हिमनदीहरू पछि हट्दै गएको र यसको गति पनि तीव्र भइरहेको छ भन्दै डब्ल्युएमओले यस क्षेत्रका निरीक्षण गरिएका २२ वटा हिमनदीमध्ये २० वटामा गत वर्ष लगातार सामूहिकरूपमा क्षति भइरहेको जनाएको छ।

सन् २०२३ मा उत्तरपश्चिम प्रशान्त महासागरमा समुद्रको सतहको तापक्रम रेकर्डमा सबैभन्दा धेरै रहेको प्रतिवेदनमा बताइएको छ।

गत वर्ष एसियामा पानीसम्बन्धी मौसमी जोखिमसँग सम्बन्धित ७९ प्रकोप रेकर्ड गरिएका छन्। तीमध्ये ८० प्रतिशतभन्दा धेरै बाढी र आँधी थिए। यसबाट दुई हजारभन्दा धेरैको मृत्यु र ९० लाख मानिस प्रत्यक्षरूपमा प्रभावित भएका छन्।

प्राकृतिक प्रकोपका घटनाहरूमा एसियाको संवेदनशीलतालाई लगातार उच्च जोखिममा राख्दै डब्ल्युएमओले भनेको छ, "सन् २०२३ मा रिपोर्ट गरिएका घटनाहरूमा मृत्युको प्रमुख कारण बाढी थियो।"

हङकङमा सेप्टेम्बर ७ मा एक घन्टामा एक सय ५८ दशमलव एक मिलिमिटर वर्षा रेकर्ड गरियो। आँधीको परिणामस्वरूप सन् १८८४ मा रेकर्डहरू राख्न सुरु भएयता यो सबैभन्दा उच्च थियो।

डब्ल्युएमओले विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका अधिकारीहरूलाई अनुकूल जानकारी सुधार गर्नका लागि यस क्षेत्रभर राष्ट्रिय मौसम सेवाहरूको तत्काल आवश्यकता रहेको बताएको छ।

डब्ल्युएमओका प्रमुख साउलोले भन्नुभयो, "हाम्रो कार्य र रणनीतिहरूले यो समयको जरुरीतालाई प्रतिबिम्बित गर्न आवश्यक छ। हरित गृह ग्यास उत्सर्जन घटाउनु र विकसित जलवायुमा अनुकूलन गर्नुको विकल्प नभए पनि आधारभूत आवश्यकता हो।"

## विश्व सङ्क्षेप

### सांस्कृतिक र पर्यटन उपभोग प्रवर्द्धन गर्न चीनको पहल सुरु

गुआङझोउ (चीन), २३ अप्रिल (सिन्ह्वा)। चीनमा सांस्कृति तथा पर्यटन मन्त्रालयले सांस्कृतिक तथा पर्यटन उपभोग प्रवर्द्धन गर्न दक्षिण चीनको गुआङडोङ प्रान्तको भुझाई सहरमा मङ्गलबार राष्ट्रिय पहल सुरु गरेको छ।

सन् २०२४ अप्रिलदेखि सन् २०२५ फेब्रुअरीसम्म चल्ने उक्त पहलमा मे दिवसका बिदाहरू, गर्मी बिदाहरू, राष्ट्रिय दिवसका बिदाहरू र वसन्त महोत्सव अर्थात चिनियाँ नयाँ वर्षका लागि तयार गरिएका विभिन्न प्रचार गतिविधिहरू समावेश हुनेछन्।

स्थानीय अधिकारीहरूसँग सहकार्य गर्दै मन्त्रालयले अद्वितीय सांस्कृतिक तथा पर्यटन गतिविधि, नवीन उपभोगका अवसर र उपभोक्तामैत्री उपायहरू पेस गर्नका लागि विषयगत कार्यक्रमहरू आयोजना गर्नेछ। उक्त ठोस प्रयासको उद्देश्य व्यवसाय र आम जनता दुवैलाई लाभको सुनिश्चितता कायम गर्नु हो।

### 'सेन्झाउ-१८' चालक दल अन्तरिक्ष यान प्रक्षेपणका लागि तयार

जिउक्वान (चीन), २३ अप्रिल (सिन्ह्वा)। 'सेन्झाउ-१८' चालक दलको अन्तरिक्ष मिसनले मङ्गलबार प्रक्षेपणअघि आफ्नो अन्तिम संयुक्त अभ्यास र प्रणालीव्यापी वायु टाइटनेस जाँच पूरा गरेको छ।

रकेट र अन्तरिक्ष यानले विद्युतीय कार्यसम्पादन परीक्षण पूरा गरिसकेको र प्रक्षेपण स्थलमा रहेका अन्तरिक्ष यात्रीहरू र सबै प्रणालीहरूले प्रक्षेपण ड्रिल गरेका छन्। सबै कुरा राम्रो अवस्थामा रहेको रिपोर्ट गरिएको छ।

उत्तरपश्चिम चीनको 'जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्र' मा अप्रिल महिनामा सामान्यतया सबैभन्दा हावा र बलौटे महिना रहने गरेको छ। प्रक्षेपण साइटमा मौसम विज्ञान कर्मचारीहरूले विगत १० वर्षमा अप्रिलको हावा गति डेटाको विश्लेषण गरेका र धेरै आकस्मिक प्रतिक्रिया योजनाहरू म्याप आउट गरेका छन्। चीन मानव अन्तरिक्ष एजेन्सीले सेन्झाउ-१८ चालक दल अन्तरिक्ष यान र लामो मार्च-२ एफ रकेटको संयोजन प्रक्षेपण क्षेत्रमा स्थानान्तरण गरिएको जनाएको छ। अन्तरिक्ष एजेन्सीले अन्तरिक्ष यान आगामी दिनमा लन्च गरिने उल्लेख गरेको छ।

### चिनियाँ प्रहरीद्वारा विदेशमा आर्थिक फरार व्यक्तिको खोजी अभियान सुरु

पेइचिङ, २३ अप्रिल (सिन्ह्वा)। चीनको सार्वजनिक सुरक्षा मन्त्रालयले विदेशमा फरार रहेका आर्थिक भगौडाहरूलाई पक्रन यस वर्षका लागि अभियानको योजना बनाएको छ।

राष्ट्रिय सुरक्षा र सामाजिक स्थिरताको रक्षा गर्न 'फक्स हन्ट-२०२४' कोड नामको अभियानले भ्रष्टाचारविरुद्धको अभियानलाई तीव्रता दिने र प्रमुख जोखिमहरूलाई रोक्ने र निरुत्साहित गर्ने अपेक्षा गरिएको छ।

सन् २०२४ देखि लगातार १० वर्षमा चीनको 'फक्स हन्ट' सञ्चालनहरूले एक सय २० भन्दा बढी देश र क्षेत्रमा नौ हजारभन्दा बढी आर्थिक भगौडालाई पक्राउ गरेको र लगभग ४९ अर्ब युआन (लगभग छ अर्ब ८० करोड अमेरिकी डलर) को आर्थिक नोक्सानलाई पुन: प्राप्त गरेको छ।

# चीनमा पुलमा पानीजहाज ठोक्किएपछि चारजना बेपत्ता

गुआङझोउ (चीन), २३ अप्रिल (सिन्ह्वा)। दक्षिण चीनको गुआङडोङ प्रान्तको फोसान सहरमा सोमबार राति एउटा जहाज पुलसँग ठोक्किँदा चारजना बेपत्ता भएको सहरको आपत्कालीन व्यवस्थापन विभागले बताएको छ।

चालक दलका ११ सदस्य सवार जहाज जिउजियाङ पुलको घाटमा ठोक्किएर पछि डुबेको थियो। विभागका अनुसार तीमध्ये सात जनाको उद्धार गरिएको छ र चार जना बेपत्ता छन्।

स्थानीय समयानुसार मङ्गलबार बिहान छ बजेसम्म बेपत्ताहरूको खोजीका लागि तीन सयभन्दा धेरै प्रहरी अधिकारी र सामुद्रिक उद्धार टोली पठाइएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

विशेषज्ञहरूले तुरुन्तै पुलको प्रारम्भिक मूल्याङ्कन गरेर मुख्य संरचनामा कुनै स्पष्ट क्षति नभेटिएको जनाएका छन्। नजिकैको जलक्षेत्रमा ट्राफिक नियन्त्रण लागु गरिएको छ।

# इथियोपियामा द्वन्द्वका कारण ५० हजारभन्दा बढी विस्थापित

नैरोबी, २३ अप्रिल (एएफपी)। उत्तरी इथियोपियाको एउटा विवादित क्षेत्रमा भएको झडपका कारण ५० हजारभन्दा बढी मानिस विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। अन्तर्राष्ट्रिय समुदायले प्रतिद्वन्द्वी क्षेत्रहरूमा लडाकूहरू संलग्न हिंसाप्रति चिन्ता व्यक्त गरेका छन्।

स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै राष्ट्रसङ्घले भनेको छ, "अप्रिल १३/१४ पछि टाइग्रे र छिमेकी अमहाराले दाबी गरेको अलामाता टाउन र राया अलामाता, जाटा र ओफलामा सशस्त्र झडपहरूबाट विस्तापित मानिसको सङ्ख्या ५० हजारभन्दा बढी भएको छ। मानवीय अवस्था गम्भीर छ, हजारौं महिला र बालबालिकालाई बाँच्नका लागि व्यापक मानवीय सहायताको आवश्यकता छ।"

इथियोपियाको सरकार र क्षेत्रीय टाइग्रेयन अधिकारीहरूबिच दुई वर्षको युद्धमा अमहारा बलले दक्षिणी टाइग्रेमा राया अलमाता कब्जा गरेका छन्।

प्रधानमन्त्री अबी अहमदी सरकार र टाइग्रेयन अधिकारीहरूबिचको शान्ति सम्झौताअन्तर्गत सङ्घर्षका क्रममा सङ्घीय सेनालाई समर्थन गरेको अमहारा सेनाले सन् २०२२ नोभेम्बरमा प्रिटोरियामा सम्झौतामा हस्ताक्षरपछि राया अलमाताबाट फिर्ता हुनुपर्ने थियो।

सङ्घीय सरकार र टिग्रेयन अधिकारीहरूले उत्तरी इथियोपियामा मिडियाको पहुँचमा कडा प्रतिबन्ध लगाइएको हुनाले स्वतन्त्र अवस्थालाई प्रमाणित गर्न असम्भव छ।

संयुक्त राज्य अमेरिका, जापान, बेलायत र फ्रान्सलगायत धेरै राष्ट्रका दूतावासहरूले शनिबार वार्ताको आह्वान गर्दै नागरिकको सुरक्षा गर्न आग्रह गरेका छन्।

युद्धको सुरुआती समयमा अमहारा सेनाहरूले पश्चिमी टिग्रे कब्जा गरी नियन्त्रणमा लिँदा विवादित दुवै क्षेत्रहरूले दाबी गरेका छन्।

इथियोपियाको दोस्रो बढी जनसङ्ख्या भएको क्षेत्र अमहारा सन् २०२३ अप्रिलदेखि द्वन्द्वग्रस्त छ भने सङ्घीय सरकारको देशका क्षेत्रीय सेनाहरूलाई ध्वस्त पार्ने निर्णयले द्वन्द्व निम्त्याएको थियो।

टिग्रे शान्ति सम्झौताबाट विश्वासघात भएको महसुस गरिसकेका अमहारा राष्ट्रवादीहरूले यो कदमले आफ्नो क्षेत्रलाई कमजोर पार्ने बताएका छन्।

# रुसको युक्रेन युद्धमा समर्थन गरेको अमेरिकी आरोपको चीनद्वारा निन्दा

पेइचिङ, २३ अप्रिल (एएफपी)। पेइचिङले युक्रेनमा रुसको युद्धको समर्थन गरिरहेको भन्ने अमेरिकाको 'निराधार आरोप' को चीनले मङ्गलबार निन्दा गरेको छ।

विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाले युक्रेनका लागि ठूलो मात्रामा सहायता विधेयक अगाडि ल्याएको छ, साथै चीन र रुसबिचको सामान्य व्यापारविरुद्ध आधारहीन आरोप पनि लगाएको छ। यस्तो प्रकारको दृष्टिकोण अत्यन्त कपटी र पूर्णत: गैरजिम्मेवारपूर्ण छ र चीन यसको कडा विरोध गर्दछ।"

चीन र रुसले हालैका वर्षहरूमा आर्थिक सहयोग र कूटनीतिक सम्पर्क बढाएका छन् र युक्रेनमाथि आक्रमण गरेपछि उनीहरूको रणनीतिक साझेदारी अझ घनिष्ठ भएको छ।

चीनले आफू युक्रेन द्वन्द्वमा तटस्थ पक्ष भएको बताउँछ तर मस्कोको हमलाको निन्दा गर्न अस्वीकार गरेकामा उसको आलोचना गरिएको छ। साथै यसै साता अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको पेइचिङको योजनाबद्ध भ्रमणअघि अमेरिकाले चीनमाथि युक्रेन युद्धमा सोभियत युगपछिको सबैभन्दा ठूलो सैन्यकरणका रूपमा रुसलाई सहयोग गरेको आरोप लगाएको थियो।

अमेरिकी अधिकारीहरूले चीनले प्रत्यक्ष सैन्य सहायता दिन बन्द गरेको भए पनि दोहोरो प्रयोगको आपूर्ति प्रदान गरेको बताएका छन्। यसबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीको नेतृत्वमा रहेको हाउस अफ रिप्रेजेन्टेटिभ्समा निष्क्रियताका कारण युक्रेनलाई अमेरिकी सहायतामा भएको लामो ढिलाइले रुसलाई पुन: सङ्गठित हुन सहयोग पुगेको छ।

युक्रेन युद्धमा रुसलाई सहयोग गरिरहेको भन्ने दाबीहरूलाई चीनले लामो समयदेखि खण्डन गर्दै आएको छ। साथै उसले रुससँगको आफ्नो सम्बन्धमा 'आलोचना वा दबाव' स्वीकार नगर्ने बताएको छ।

मन्त्रालयका प्रवक्ता वाङले भन्नुभयो, "युक्रेन युद्धमा चीनले सधैं उद्देश्यपूर्ण र न्यायपूर्ण अडान राखेको छ, शान्ति वार्ताका लागि सक्रियरूपमा वकालत गरेको छ र राजनीतिक समाधानमा जोड दिएको छ। दोहोरो उपयोग हुने वस्तुहरूको निर्यातमा चीनले लगातार नियम लागु गर्दछ।"

# लोकतन्त्र दिवसको सान्दर्भिकता

**- एकराज पाठक**

काठमाडौं । मङ्गलबार १८ औं लोकतन्त्र दिवस । तत्कालीन राजा ज्ञानेन्द्र शाहले त्यसअघि विगठित संसद्को पुन:स्थापना गरी 'जनताको नासो जनतालाई नै फिर्ता गरेको' र आफू देशको कार्यकारी प्रमुखबाट हटेको घोषणा गरेको विसं २०६१ वैशाख ११ को स्मरण गरी मङ्गलबार लोकतन्त्र दिवस मनाइन्छ । यसरी नेपालमा लोकतन्त्र स्थापना भएको मङ्गलबार १७ वर्ष पूरा भएको छ ।

तत्कालीन राजा ज्ञानेन्द्र शाहले विसं २०६१ माघ १९ गते नेपाल अधिराज्यको संविधान २०४७ मा नभएको व्यवस्थाको 'प्रयोग गरेर' आफू देशको कार्यकारी प्रमुख भएको स्वघोषणा गरी आफ्ना मातहतमा मन्त्रिपरिषद्का दुई जना उपाध्यक्ष राखेर शासन व्यवस्थाको सुरुआत गरेका थिए । नेपालको संविधानले राजालाई संवैधानिक हैसियतमा राखेको भए पनि आफूले आफैँलाई मन्त्रिपरिषद्को अध्यक्षका रूपमा घोषणा गरेर कार्यकारी प्रमुखको जिम्मेवारीमा रहेपछि त्यसका विरुद्धमा तत्कालीन राजनीतिक दलहरू आन्दोलित हुन पुगेका थिए । राजनीतिक दलहरू राजाको कदमविरुद्ध आन्दोलनमा उत्रिएपछि सरकार दमनमा उत्रियो । त्यसबखत मुलुकमा राजाको विकल्प खोज्नुपर्ने आवाजहरू पनि उठ्न थाले । आन्दोलनको अन्त्यतिर आएर देशबाट राजतन्त्रकै अन्त्यसम्मको नारा घन्कियो । आखिर यसै एजेन्डामा आन्दोलनरत दलहरू सहमत भएपछि देशमा लोकतन्त्रको स्थापना भएको हो ।

राजाको प्रत्यक्ष शासनको अन्त्य भई नयाँ नेपाल निर्माणका लागि राजनीतिक दलहरूले अघि बढाएको खाकालाई अन्तिम रूप दिएको यस दिनलाई नयाँ नेपाल निर्माणको सुरुआती दिनका रूपमा पनि वैशाख ११ लाई लिन सकिन्छ । त्यस समयमा सात राजनीतिक दल र तत्कालीन विद्रोही नेकपा माओवादीसमेतको सहभागितामा २०६२/६३ को जनआन्दोलन भएको थियो । तत्कालीन सात राजनीतिक दलको तर्फबाट नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र नेकपा माओवादीको तर्फबाट सो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बिच दिल्लीमा भएको १२ बुँदे बृहत् सम्झौताले माओवादीहरू सशस्त्र विद्रोहको बाटो त्यागेर शान्तिपूर्ण राजनीतिमा आउने सहमति भएको थियो ।

पछि सोही सहमतिअनुसार नै मुलुकमा राजनीतिक आन्दोलन भयो । अन्ततः विसं २०६२/६३ को जनआन्दोलनको बलमा राजा पछि हट्न बाध्य भए र आन्दोलन सफल भयो । राजाले आफू देशको कार्यकारी प्रमुखका रूपमा नरहेको घोषणा गरी नयाँ सरकार गठनका लागि राजनीतिक दलहरूलाई आह्वान गरे । वैशाख ११ लाई मुलुकमा गणतन्त्रको स्थापनाका लागि बिजारोपण गर्ने दिनका रूपमा पनि लिन सकिन्छ ।

यता राजा ज्ञानेन्द्रले संवैधानिक राजतन्त्रको दायरालाई नाघेर आफू नै देशको कार्यकारी प्रमुख भएको स्वघोषणा गरी राजनीतिक दलहरूलाई मुलुकको अस्थिरताको जडका रूपमा अपव्याख्या गरेका थिए भने उता देशमा करिब १० वर्षदेखि नेकपा माओवादीको सशस्त्र द्वन्द्व जारी थियो । त्यसैले राजाको तत्कालीन व्यवस्थाको अन्त्यका लागि मात्र नभएर मुलुकबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्र नेपाल स्थापनाको मुख्य मागका साथ विद्रोहमा रहेको नेकपा माओवादी शान्ति प्रक्रियामा आउने अवसर पनि यही ऐतिहासिक जनआन्दोलनको सफलताले जुराएको थियो भन्न सकिन्छ । त्यसैले आजको दिनको महत्त्व आजका राजनीतिक उपलब्धिहरू हासिल गर्न तथा गणतन्त्र नेपाल स्थापना गर्नसम्म रहेको सबैले बुझ्नु पर्दछ ।

सबै राजनीतिक दलहरूको सहमतिबमोजिम नै पुन:स्थापित प्रतिनिधिसभाको जेठ ४ गते बसेको बैठकले मुलुकमा राजसंस्थाको जारी भूमिकाको निलम्बन गरेको थियो । तत्पश्चात् मुलुकको कार्यवाहक राष्ट्राध्यक्षको अधिकारसमेत तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई प्रदान गर्ने ऐतिहासिक निर्णय पनि गरेको थियो । यसरी विसं २०५९ जेठ ८ मा विगठन भएको संसद् आन्दोलनरत राजनीतिक दलहरूको मार्गचित्रबमोजिम विसं २०६३ वैशाख ११ गते पुन:स्थापना भएपछि त्यसको अर्को वर्षदेखि नै देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजसंस्थाको भूमिकालाई निलम्बन गरी माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पनि पारित गरेको थियो । यसैको जगमा २०६४ साल चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्ष पुरानो राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो । अब देशमा नयाँ राजनीतिक प्रणालीको सुरुआत भयो र मुलुकको राष्ट्रप्रमुखमा अब राष्ट्रपति हुने व्यवस्था भयो । देशको पहिलो राष्ट्रपतिमा डा. रामवरण यादव निर्वाचित हुनुभयो ।

यता देशका राजनीतिक दलहरूका सामु एउटा गहन जिम्मेवारी भने थाँती नै थियो । संविधानसभामार्फत नयाँ संविधानको निर्माण गर्ने र देशलाई दिगोरूपमा नै लोकतान्त्रिक सङ्घीय गणतन्त्रको मार्गमा पुऱ्याउने सो जिम्मेवारीका लागि संविधानसभा पहिलोपटक भने सफल हुन सकेन । सो संविधानसभाले संविधान निर्माण गर्न नसकेपछि विगठन भयो र पुन:संविधानसभाको अर्को निर्वाचन भयो । जनताले दबाब दिए । यतिका ठूलो आन्दोलन गरेर संविधानसभाको निर्वाचन सम्पन्न गरे पनि एउटा संविधान लेख्न नसक्ने भनी दलहरू र संविधानसभाका सदस्यहरूको व्यापक आलोचना र दबाबको अवस्था जनताले सिर्जना गरेपछि विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले संविधान निर्माण गरेको हो ।

यसरी विसं २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । नेपालमा संविधानसभाको निर्वाचनमार्फत नेपाली नागरिकले नै आफ्ना जनप्रतिनिधि छानेर उनीहरूको सहभागितामा निर्माण भई जारी भएको यो पहिलो संविधान हो ।

भाषामा लोकतन्त्र या प्रजातन्त्र जे भने पनि नेपालमा लोकतन्त्र त पहिले पनि दुई पटकसम्म आएकै हो । जहानियाँ राणा शासनको अन्त्यका लागि नेपाली जनताले गरको क्रान्तिको परिणामस्वरूप २००७ सालमा पनि नेपाली नागरिकले राणाशासनबाट मुक्ति र प्रजातान्त्रिक व्यवस्थाको प्राप्ति गरेका हुन् । त्यो व्यवस्था पनि विसं २०१७ को पुस महिनामा राजा महेन्द्रले निलम्बन गरेका थिए । नेपाली जनता आफ्ना जनप्रतिनिधि छान्न आम निर्वाचनमा सहभागी भए र पहिलो पटक निर्वाचनमार्फत आफ्ना प्रतिनिधि पनि छान्ने अवसर पाए । तर, राजा महेन्द्रले मुलुकको पहिलो जननिर्वाचित प्रधानमन्त्रीलाई नै जेलमा हालेर आफैं मुलुकको कार्यकारी प्रमुख रहेको घोषणा मात्र गरेनन्, नयाँ राजनीतिक प्रणालीसहितको नयाँ व्यवस्था पञ्चायती व्यवस्थाको सुरुआत पनि गराए ।

त्यो व्यवस्था देशमा ३० वर्षसम्म रहयो । पुन:देशमा जनआन्दोलन भयो र आन्दोलनमार्फत २०४६ मा राजाको सक्रिय व्यवस्था रहेको प्रावधान हटाएर नेपालको संविधान, २०४७ ले संवैधानिक भूमिकाको राजतन्त्रको व्यवस्था गर्यो । पछि फेरि यसमाथि पनि राजा ज्ञानेन्द्रले स्वघोषित कार्यकारी प्रमुखको अभ्याससम्म लगे । त्यसलाई पनि नेपाली जनताले हटाए र अहिलेको गणतन्त्र नेपाल सम्भव भयो । त्यसैले, आजको दिनको सान्दर्भिकता भनेको अरु ऐतिहासिक आन्दोलनको भन्दा फरक छ भन्न सकिन्छ ।

यही दिनको जगमा उभिएर मङ्गलबार मुलुकमा धेरै ठूला परिवर्तनहरू भएका छन् । देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छ । सङ्घीय शासन व्यवस्थाको अभ्यास देशले गर्दै छ । पहिले सिंहदरबारमा केन्द्रित रहेको नागरिक अधिकार अहिले जनताको घरघरमै पुगेको छ । सरकार खोज्न नेपाली जनता अब सिंहदरबार नै धाउनुपर्ने छैन, घरआँगनमै पुगेको छ । जनतासँग अहिले दुई तहका सरकार छन् प्रदेश सरकार र स्थानीय सरकार । पहिले जनताका घरआँगनसम्म, उनीहरूका दु:ख अप्ठ्यारोसम्म सिंहदरबारको आँखा नपुगेको प्रणालीगत गुनासाहरूको सम्बोधन अहिले जनताका घर आँगनकै सरकारले गर्नसक्ने भएका छन् । यो पनि लोकतन्त्रकै उपलब्धि हो । शासकीय संरचना र प्रणालीमा नेपाल पनि सङ्घीयताको राम्रो मोडलका रूपमा स्थापित भइसकेको छ ।

व्यवस्था र प्रणाली त छ तर ती सरकारका अभ्यासहरू जनकेन्द्रित हुनु जरुरी छ । जनताले आफ्ना घर आँगनका सरकारबाट के-कस्ता फाइदा लिन सकिरहेका छन् भन्ने कुराको मापन पनि नागरिकले गरिरहेकै छन् । आफैँले सङ्घर्ष गरेर ल्याएको लोकतन्त्रको जगमा उभिएर प्राप्त भएका यी शासकीय उपलब्धिहरूप्रति जनताले अपनत्व महसुस गर्न कसरी पाएका छन् ? उनीहरूले आफैँले चाहेर ल्याएको आफ्नो व्यवस्थाका रूपमा यसलाई अङ्गीकार गर्न सकिरहेका छन् कि छैनन् ? आजका दिनमा यो अवस्थाको पनि मूल्याङ्कन गर्नुपर्दछ ।

शासन व्यवस्था हामीले संसारकै उत्कृष्ट ल्याएका छौं । नागरिकलाई राजनीतिक स्वतन्त्रता प्राप्त छ र स्वतन्त्रताको उपयोग उपभोग उनीहरूले गरिरहेका छन् । कुनै पनि राजनीतिक व्यवस्था या प्रणालीको प्राप्ति एवं फेरबदल जनताको जीवनस्तरमा सुधार ल्याउन, उनीहरूका इच्छा अकाङ्क्षा पूरा गरेर देशको विकास गरी समृद्ध राष्ट्र बनाउनु नै हो । यी काम यो व्यवस्थामा भएको छ कि जनतामा निरासा बढेको छ ? यस विषयको खोजी र मनन् पनि लोकतन्त्र दिवसको सान्दर्भिकता हो । ***रासस***

***सहिदगेटबाट...***

दिएका छन् । यदि मृत्युदेखि भागेको भए देशमा आज यो स्वतन्त्रता पाउने थिएन । देशमा सार्वभौमिकता, स्वाधीनता छाउने थिएन । यो देश रहने थिएन । हामीले यो देशको लागि दिएको हाम्रो बलिदान र त्यागलाई यिनीहरूले सत्तामा गएपछि भुले, बिर्से । उनीहरूको आजको व्यवहार, पात्र, प्रवृत्ति र परिणामले त्यही देखाइरहेका छन् । आज गरिब जनताको अधिकार खोसिने थिएन ।

आज प्रजातन्त्र, गणतन्त्र ल्याउन जीवन बलिदान दिने सहिदको परिवार घर न घाटको भयो । हाम्रो वीरता, स्वाभिमान उनीहरूले आज डलरसँग साटिँदै छन् । उनीहरू कतै कतारतिर भासिँदै छन् र कतै रसियातिर भासिँदै छन् । आफ्नो जीविकोपार्जनका लागि त्यो आत्म सम्मान विदेशी भूमिमा विदेशीका लागि बलि चढ्नुपर्ने यो नियतिको रचनाकार को हुन् ? समय, शासक कि हामी स्वयम् ? यस मार्मिक प्रश्न र आक्रोश सहिद शुक्रराजले पोखेका छन् । आजसम्मका सत्तामा गएका शासक दल, नेताहरूले सहिदको भावना र मर्मलाई बिर्सिदिएका छन् । सहिद परिवारको अवस्था र देशको अवस्था बेहाल छ । उनीहरूले ती वीर योद्धा, सहिद तथा नेता र जनताको देशभक्ति भावनालाई डलरसँग साट्दै छन् । ८०/९० लाख नेपाली युवा, विद्यार्थीहरू रोजगारीको नाममा, पढ्ने नाममा, घर खेत बेचाएर विदेशी भूमिको लागि बलि चढ्न बाध्य पारेका छन् । यसको दोषी शासक दल, त्यसका नेताहरू नै हुन् । त्यसमा पनि मुख्य दोषी, अपराधी भनेका नेपाली काङ्ग्रेसका नेता रामशरण महत हुन् । यिनले हरेक निर्वाचन क्षेत्रबाट दुई दुई सय युवाहरूलाई रोजगारीको काममा घर खेत बेचाएर विदेशीको दास, नोकर बन्न पठाएको भ्रममा परेकोमा सबै देशभक्त जनताले यिनलाई देशद्रोही भनेर खबरदारी गरिरहेका छन् । आज दिनको १०/२५ जना नेपाली युवा दाजुभाइहरूको लास बाकसमा आइरहेको समाचार आएकै छन् ।

आफू जन्मे, हुर्केको, माया, लगानी भएको देशको लागि होइन डलरको लोभमा विदेशीका लागि ज्यान बलि दिने गोर्खा भर्ती केन्द्र वीर योद्धाहरूको देशका हामी भनेर गौरव गर्ने आजसम्मका शासक दल , नेताहरूले कसैले पनि बन्द गर्ने आँट गर्न सकेका छैनन् । किनकि, यिनीहरू सबै विदेशी साम्राज्यवादी र विस्तारवादीका दलाल, नोकर हुन् । यिनीहरूले डलरले नेपालका भविष्यका, कर्णधार युवा, विद्यार्थीको मन, मस्तिष्कमा तनमा नेपालमा केही छैन, रोजगारी, अवसर केही छैन भन्ने देशविरोधी भावना कोचिदिएका छन् । आज देशमा सुवर्ण भविष्यका कर्णधार युवा, विद्यार्थीविहीन हुँदै छन् । यदि सहिदगेटका सहिदहरूसँग हात भएका भए यी पाखण्डी, देशघाती नेताहरू, प्रधानमन्त्री, मन्त्रीहरूलाई, कर्मचारीहरूलाई माल्यार्पण गर्न आउने बेलामा झापड दिएर पठाउँथे भनेर व्यङ्ग्य गरेका छन् ।

सहिद शुक्रराज जोशीको अभिनयमा खेलेका कलाकार गजुरेलले देश बनाउन जनताको दरिलो एकता चाहिने, नेपाली जनताको यो एकतालाई टुटाउन विदेशीले राजनीति, धर्म, लिङ्ग, क्षेत्र, सम्पदा, अतिवाद आदिलाई हतियार वा अस्त्रको रूपमा प्रयोग गरेका छन् । त्यसबाट देश र जनता एकतालाई जोगाउन, बचाउने भनेको, हामीलाई जोड्ने एउटै बलियो अस्त्र छ त्यो भनेको राष्ट्र हो, देशभक्ति भावना भएको बताएका छन् । नेपालमा आफ्नो स्वार्थपूर्ति गर्न विगतमा पुँजीवादी, साम्राज्यवादी देशहरूले यहाँका दलालहरूलाई उपयोग गरेर ती हतियार अस्त्रको प्रयोग गरेर नेपाली जनताको एकता र देशभक्ति भावनालाई टुटाउन खोजेका थिए, एक आपसमा भिडाउन र काटमार गराउन खोजेका थिए । तर, नेपाली जनताले बेलैमा चाल पाएर सतर्क र सचेत भएकोले त्यस्ता आक्रमणकारी, लुटाहा, देश र दलालको भण्डाफोर गरेकाले त्यो महाभारत हुनबाट बचेको थियो । यो हतियार, अस्त्रलाई प्रयोग गरेर उनीहरूले नेपाली जनतालाई, दल र नेताहरूलाई फुटाउन मौका पर्खिरहेको चाल रचिरहेका छन् । पुँजीवादी, साम्राज्यवादी हतियार, सेना एनजीओ, आइएनजीओमार्फत विभिन्न दलका नेता, कार्यकर्ता, उनका छोरा, छोरी, श्रीमती र सन्तान, नातागोतालाई दलालको रूपमा प्रयोग गर्दै छन् । यिनीहरूले यही हतियारको प्रयोग गरी रसिया, अफ्रिका, एसिया, ल्याटिन अमेरिका, पूर्व युरोपको प्राकृतिक स्रोत बजारसमेत कब्जा गरिरहेका छन् । देशद्रोही, देशघाती नेताहरूलाई हातमा लिएर प्रभाव र दबाब दिएर ती महादेश र ठाउँका गरिब, अशिक्षित देशलाई उपनिवेश बनाइरहेका छन् । उनीहरूले यही हतियार प्रयोग गरेर वीरेन्द्रको वंश नाश, नागरिकता विधेयक, जलस्रोत, एमसीसी पास गराइसकेका छन् । उनीहरूका चुनौतीका रूपमा रहेका विश्वमा अर्थतन्त्र, विज्ञान प्रविधिलगायत अन्य क्षेत्रमा उदयीमान छिमेकी मित्र देश चीनलाई घेरामा हाल्न, उपद्रो मच्चाउन सोभियत सङ्घलाई जस्तै पछ्याउने कोशिश भइरहेका छन् । नेपालको कम्युनिस्ट आन्दोलनलाई तहसनहस पार्ने कोशिश गरिरहेको नेपाली जनताले अनुभव गरिरहेकै कुरा हुन् । विश्वमा पहिला सशस्त्र अक्टोबर क्रान्ति गरेर कम्युनिस्ट शासन व्यवस्था स्थापित गरी किसान र मजदुरको स्वर्ग बनाएको देश सोभियत सङ्घलाई तीन लाख एनजीओ, आइएनजीओ प्रयोग गरेर ध्वस्त पारेको समाचार विश्वका जनतालाई थाहा भएकै कुरा हो ।

हाम्रो देशको रक्षा गर्नु, जनताको अधिकारको लागि न्याय, स्वतन्त्रताका लागि जीवनमरणको सङ्घर्ष गरेर आएका घर परिवार त्यागेर आएका हाम्रा नेता, कार्यकर्ताहरूलाई विदेशीले डलरको लोभमा फसाएका छन् । त्यसका लागि नेपालमा पनि सोभियत सङ्घमा जस्तो, अफ्रिका, ल्याटिन अमेरिका, पूर्व युरोपेली देशका जस्तो पुँजीवादी, साम्राज्यवादी देशहरूले हजारौं एनजीओ, आइएनजीओ, डलरको हतियारले, गुलियो पोतको विषले यहाँका दलहरूलाई दलभित्रका नेता, कार्यकर्ताहरूबिच जनताबिच लडाउने, जुटाउने गरिरहेका छन् । सत्ताको लागि सिद्धान्तनिष्ठ, इमान जमान नैतिकता, सम्मानलाई बन्धक राखेर कुकुर झगडाको फोहोरी राजनीतिमा बगेको कारण जनता वाक्कदिक्क भएका छन् । यसबाट सबैले पाठ सिकेर अगाडि बढ्नु देश र जनताको हितमा हुनेछ ।

आर्यघाटमा सबै त्यागी, नैतिकवान, इमानदार, सहयोगी, नि: स्वार्थ सेवक भएजस्तै त्यहाँबाट निस्केपछि त्यो भावना त्यही खोलामा बगाएर आएजस्त प्रज्ञा प्रतिष्ठानको हलमा प्रहसन हेरुञ्जेल सहिद र वीर योद्धाको गलामा माल्यार्पण गरुञ्जेल सलामी ठोकुञ्जेल त्यागी, देशभक्त, नैतिकवान, इमानदार, स्वदेश र जनताको सेवक हुने ? मुट्ठी कस्ने, सलामी ठोक्ने, आँसु खसाल्ने नेता, कर्मचारी, पत्रकार, न्यायाधीश, वकिल, डाक्टर आदि प्रहसन सकेर मूलढोकाबाट निस्केपछि घर, क्वाटर फर्केपछि पुन: घुस भ्रष्टाचार अनैतिकता, बेइमानी, देशघाती, आदि अपराध गर्नतिर लाग्छन् । त्यस दलभित्रै उपस्थित केही त्यस्ता अपराधीहरूको विषय, सन्दर्भ, प्रस्तुतिअनुसार अनुहार र तस्बिर देखाएका छन् । दलभित्र देशका लागि रगत पसिना दिने, त्यागी कर्णधारहरूको अनुहार बस्ती पनि नदेखाएको होइन राम्रो र प्रेरक पक्ष । जे घुसे ती अपराधीहरू सबैको आँखा, दिमाग, विवेक, प्रहसन हेरेर सहिदको खबरदारी र चिन्ताले खुलुन् । देश र जनताले समृद्धिको अनुभव गर्न पाऊन् ।

***संरा...***

अमेरिकी प्रणालीमा पाइन्न । हामी अफ्रिकीहरूलाई जे कुरा देखाएर राम्रो चुनाव भनी तालिम दिइएको थियो, अहिले ती कुरा संरा अमेरिकामा नै छैन ।"

**निष्कर्ष**

अमेरिका - डाँडामाथिको प्रकाशस्तम्भ रहेन - 'द टाइम्स अफ इजरायल'

संरा अमेरिकाले दिगो प्रजातन्त्र र त्यसका परिणाम गुम्ने गरी प्रजातन्त्रलाई औपचारिकता वा प्रक्रियामा मात्र जोड दिनुको सट्टा अमेरिकी जनताका प्रजातान्त्रिक अधिकार सुनिश्चित गर्न र प्रजातान्त्रिक प्रणालीमा सुधार गर्नमा ध्यान दिनु बुद्धिसम्मत हुनेछ ।

संसारमा अन्य देशमाथि प्रजातन्त्रको आफ्नो ब्रान्ड निर्यात गर्न खोज्नु, संसारमा विभाजन निम्त्याउन आफ्नो मूल्य मान्यतालाई हतियारको रूपमा प्रयोग गर्ने वा प्रजातन्त्र प्रवर्द्धनको बहानामा अरू देशमाथि हस्तक्षेप, हमला र दमन गर्नुको सट्टा संरा अमेरिकाले थप अन्तर्राष्ट्रिय जिम्मेवारी बहन गरेर अरू देशलाई सार्वजनिक वस्तु उपलब्ध गराउनु बुद्धिमानी हुनेछ ।

अन्तर्राष्ट्रिय समुदायले कोभिड-१९ महामारी, आर्थिक मन्दीदेखि जलवायु परिवर्तनको सङ्कटजस्ता गहन विश्वव्यापी चुनौती सामना गरिरहेको छ । ती चुनौती वा जोखिम एक्लै सामना गर्न सक्ने सामर्थ्य कुनै पनि देशसँग छैन । सबै देशले मिलेर काम गर्नुपर्छ । यस्ता अप्ठ्यारामाथि जित हासिल गर्ने एउटै तरिका भनेको मिलेर काम गर्नु नै हो ।

प्रजातन्त्रको एउटै वा निरपेक्ष ढाँचा थोपर्न कुनै पनि प्रयास, अन्तर्राष्ट्रिय सम्बन्धमा प्रजातन्त्रलाई औजार वा हतियारको रूपमा प्रयोग गर्ने वा गुटबन्दीको राजनीति र गुटबन्दीको द्वन्द्वको पक्षधरताले ऐक्यबद्धता एवम् सहकार्यको भावनाको उल्लङ्घन हुनेछ । आजको कठिन समयमा त्यस्तो विभाजन निकै गम्भीर विषय हो ।

सबै देश राजनीतिक व्यवस्थाको भिन्नताबाट माथि उठेर कसैको भलो नहुने खेल (जिरो सम गेम) को मानसिकताबाट मुक्त हुनुपर्छ र साँचो बहुपक्षता अघि बढाउनुपर्छ ।

सबै देशले शान्ति, विकास, समता, न्याय, प्रजातन्त्र र स्वतन्त्रताजस्ता मानव जातिका साझा मूल्य मान्यताको प्रवर्द्धन गर्नुपर्छ ।

सबै देशले एकअर्कालाई सम्मान गर्नु, साझा आधार विस्तार गर्न काम गर्नु, आपसी भिन्नता कम गर्नु, आपसी विश्वासबाट सहकार्य प्रवर्द्धन गर्नु र सबै मिलेर मानव जातिको साझा भविष्यको समुदाय बनाउनु आवश्यक छ ।

***समाप्त***
***स्रोत : अमेरिकाको प्रजातन्त्र !***
***नेपाली अनुवाद : सुशिला***

# पचाल झरनालाई नेपालकै ‘अग्लो झरना’ को मान्यता दिन आग्रह

मान्म (कालीकोट), ११ वैशाख । कालीकोटको पचाल झरना गाउँपालिका–३ मा रहेको पचाल झरनालाई नेपालकै अग्लो झरनाको आधिकारिक मान्यता दिन स्थानीयले आग्रह गरेका छन् ।

पटकपटक नापजाँच गर्दा यसअघि नेपालकै लामो भनिएको झरनाभन्दा अग्लो रहेको पत्ता लागेकाले त्यसको आधिकारिक अभिलेख राखी पूर्वाधार विकासमा लगानी र प्रचारप्रसारमा ध्यान दिन स्थानीयको आग्रह छ ।

स्थानीय शिवराज सेजुवाल पटकपटक नापजाँच गरेर नेपालकै अग्लो दाबी गरिए पनि आधिकारिक अभिलेख राख्ने निकायले ध्यान नदिँदा पर्यटन प्रवर्द्धनको काम हुन नसकेको बताउनुहुन्छ । “यो झरना नेपालकै लामो हो भन्ने देखिएको छ तर त्यसको आधिकारिक अभिलेख राखिएको छैन । यदि सो अभिलेख राखी झरनाको संरक्षण, विकास तथा पर्यटन प्रवर्द्धन गर्न सकिए कर्णालीको आकर्षक गन्तव्य बन्नसक्छ र यसतर्फ सरोकारवालाको ध्यान जान जरूरी छ”, उहाँले भन्नुभयो ।

पचाल झरना गाउँपालिकाका प्राविधिक इन्जिनियर कुलप्रसाद न्यौपानले पनि झरना यसअघि नेपालकै अग्लो भनिएको तेह्रथुमको ह्याप्तुङ झरना (तीन सय ६५ मिटर) भन्दा अग्लो रहेको बताउनुभयो । यो झरना चार सय १५ मिटर अग्लो रहेको उहाँको भनाइ छ ।

“गाउँपालिकाले गरेको सर्वेक्षणमा पचालझरना खसेको ठाउँदेखि तल ठोक्किएको ठाउँसम्म तीन सय ८१ मिटर उचाइ र ठोक्किएको ठाउँबाट तल झरेको ठाउँसमेतको दूरी लिँदा चार सय १५ मिटर अग्लो रहेको पाइयो”, न्यौपानेले भन्नुभयो ।

गाउँपालिकाका अध्यक्ष देवजङ्ग शाहीले गाउँपालिकाले झरनासम्म पुग्नका लागि पैदलमार्ग, होमस्टे र सूचना केन्द्र स्थापना गरे पनि अन्य निकायबाट सहयोग नपाइएको गुनासो गर्नुभयो ।

“नेपाल पर्यटन बोर्डले अग्लो झरना भनेर अभिलेख नराखिदिँदा प्रचारप्रसार गर्न सकिएको छैन । त्यसैकारण कर्णालीकै प्रमुख पर्यटकीय गन्तव्य बन्नसक्ने यो झरना ओझेलमा परेको छ”, अध्यक्ष शाहीले भन्नुभयो । यो झरना सन् २०२० मा सरकारको सय गन्तव्यभित्र परेको थियो ।

# चार भाषामा नागरिक बडापत्र

लुम्बिनी, ११ वैशाख । बुटवल उपमहानगरपालिकाले मुख्य चार भाषामा नागरिक बडापत्र सञ्चालनमा ल्याएको छ । कार्यालयमा सेवा लिन आउने विभिन्न भाषाभाषीका सेवाग्राहीको सहजताका लागि उपमहानगरपालिकाले आजदेखि नेपालीसहित, थारु, मगर र नेपाल (नेवारी) भाषामा बडापत्र सञ्चालनमा ल्याएको हो ।

उपमहानगरमा बसोबास गर्नेमध्ये जनसङ्ख्याको अनुपातका आधारमा चार भाषामा तयार गरिएको नागरिक बडापत्र आज एक कार्यक्रमबिच नगर प्रमुख खेलराज पाण्डेयले सार्वजनिक गर्नुभयो । त्यस अवसरमा नगर प्रमुख पाण्डेयले जनसङ्ख्याको आधारमा चार भाषामा बडापत्र राखिएको र आगामी दिनमा अरु केही भाषाका बडापत्र राख्ने गरी तयारी भएको जानकारी दिनुभयो । उहाँले स्थानीयस्तरमा थारु, मगर र नेपालभाषाको बोलीचालीअनुसार स्थानीय विज्ञको संलग्नतामा बडापत्र तयार गरिएकोले भूगोलअनुसार भाषामा फरक आउनसक्ने बताउनुभयो ।

उपमहानगरका उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलले सबै जाति भाषा संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले चार भाषामा बडापत्र तयार गरिएको बताउनुभयो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार बुटवल उपमहानगरपालिकामा नेपाली भाषा बोल्ने ७८ दशमलव सात, मगर भाषा बोल्ने छ दशमलव आठ, नेपालभाषा बोल्ने तीन र थारू भाषा बोल्ने चार दशमलव नौ प्रतिशत जनसङ्ख्या छ ।

बडापत्रको प्रयोगले सेवाग्राहीले आफूले प्राप्त गर्न खोजेको सेवा बडापत्रका माध्यमबाट त्यसका लागि आवश्यक कागजपत्र, दस्तुर तथा सेवा लिन प्रयोग गर्नुपर्ने सम्पूर्ण जानकारी थाहा पाउन सकिने छ ।

सो कामका लागि जानुपर्ने कोठा तथा त्यस कोठामा रहेका कर्मचारीको विवरणसमेत सोही बडापत्रमा हेर्न सकिने छ । बडापत्रलाई पुस्तकको रूपमा प्रकाशन गरिएको र छिट्टै नै डिजिटलरूपमा सबै बडामा राख्ने गरी तयारी भएको बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जानकारी दिनुभयो ।

***अमेरिकी...***

मिमी इलियासले सोमबार एएफपीलाई भनिन्, “उनीहरूले हामीसँग कुरा नगरुञ्जेल र हाम्रा मागहरू नसुन्दासम्म हामी धर्ना प्रदर्शनमा बस्नेछौं ।”

“हामी सेमिटिज्म वा इस्लामोफोबिया चाहँदैनौं । हामी यहाँ सबैको मुक्तिको लागि छौं,” इलियासले भनिन् ।

कोलम्बिया युनिभर्सिटीमा कक्षाहरू अनलाइन ढाँचामा रूपान्तरण गरिएका छन्, किनकि विश्वविद्यालयका अध्यक्ष नेमत शफिकले विद्यालय समुदायलाई सम्बोधन गरेको पत्रमा ‘रिसेट’ को आवश्यकतामा जोड दिएका थिए । केही जियोनिस्ट (यहुदीवादी) विद्यार्थीहरूले विरोध प्रदर्शनहरूविरुद्ध गुनासो गरेपछि संस्थालाई प्यालेस्टिनी मुद्दाबाट टाढा रहन आग्रह गर्दै यहुदीवादी व्यापारिक समूहहरूले विश्वविद्यालय प्रशासनमाथि दबाब सिर्जना गरेका थिए ।

“विरोधलाई कम गर्न र हामी सबैलाई अर्को चरणहरू विचार गर्ने मौका दिनको लागि, म घोषणा गर्दै छु कि सोमबार सबै कक्षाहरू भर्चुअल रूपमा सञ्चालन हुनेछन्,” शफिकले भने ।

अघिल्लो हप्ता पनि कोलम्बिया विश्वविद्यालयमा ५ सयभन्दा बढी प्रदर्शनकारीहरूलाई हिरासतमा राखिएको थियो । बिहीबार निजी आधारमा विश्वविद्यालयका अधिकारीहरूले कानुन प्रवर्तन (प्रहरी प्रशासन) को हस्तक्षेपपछि, तनाव बढाउने र सप्ताहन्तमा ठुलो जमघट अगाडि बढेको थियो ।

कोलम्बिया युनिभर्सिटीका क्लासिक एसोसिएट प्रोफेसर जोसेफ हाउलीका अनुसार, पुलिसको संलग्नता गलत दृष्टिकोण थियो, किनकि यसले अनजानमा ‘थप कट्टरपन्थी तत्त्वहरू’ लाई आकर्षित गर्यो जुन मूल रूपमा विद्यार्थी आन्दोलनसँग सम्बन्धित थिएन ।

“तपाईले पूर्वाग्रह र सामुदायिक असहमतिबाट बाहिर निस्कने बाटोलाई अनुशासन र सजाय दिन सक्नुहुन्न,” हाउलीले एएफपीलाई भने ।

कोलम्बिया विश्वविद्यालयका एक कार्यकर्ता मोहम्मद खलिलले आफ्नो विद्यालयलाई युद्ध–सम्बन्धित उद्योगहरूलाई आर्थिक सहयोग रोक्न आग्रह गरे ।

“गाजामा भइरहेको नरसंहारको बारेमा विश्वविद्यालयले केही गर्नुपर्छ । हाम्रा जनताले अहिले भोगिरहेको यो नरसंहारमा लगानी गर्न बन्द गर्नुपर्छ,” खलिलले भने ।

न्युयोर्क टाइम्सको रिपोर्टअनुसार स्कूलले विद्यार्थीहरूको व्यवहारलाई ‘अव्यवस्थित, विघटनकारी र विरोधी’ भनेपछि न्युयोर्क विश्वविद्यालयमा पुलिसले प्रदर्शनकारीहरूलाई हिरासतमा लिए जसले आफ्नै क्याम्प स्थापना गरेका थिए ।

न्युयोर्क विश्वविद्यालयका प्रोफेसर हेल्गा ताविल–सौरीले भने कि स्कूलका अधिकारीहरूले प्यालेस्टिन समर्थक प्रदर्शनकारीहरूविरुद्ध लागू गर्नका लागि विरोधाभासी स्पष्टीकरणहरू अगाडि बढाए ।

“जब उनीहरूले पुलिसलाई विश्वविद्यालयभित्र ल्याए, दङ्गा भड्कियो सयौं पुलिसकर्मीहरूले हामी NYU सङ्काय र विद्यार्थीहरू भए तापनि हामीमाथि अतिक्रमणको आरोप लगाए । मलाई थाहा छैन हामी कसरी आफ्नै क्याम्पसमा अतिक्रमण गर्छौं तर त्यो हाम्रो



विरुद्धको आरोपमात्र थियो,” हेल्गाले अल जजीरालाई बताइन् ।

“म २० वर्षदेखि न्यूयोर्क विश्वविद्यालयमा प्रोफेसर रहेकी छु । मैले यस प्रकृतिको दमन र क्याम्पस सुरक्षा र त्यसपछि न्यू योर्क पुलिस विभागको तर्फबाट यस्तो आक्रामक प्रतिक्रिया देखेकी छैन,” तविल–सौरीले भनिन् ।

“यो प्यालेस्टिन समर्थक भाषण र प्रदर्शनहरूमाथि दमन गर्न देशभरि प्रयासहरूको प्रतिबिम्ब हो ।“

हाम्रो लाइफटाइमभित्रको कार्यकर्ता समूहले भने कि पुलिसले “छापामारी गरी विद्यार्थीहरूको सुरक्षा गरिरहेका सबै प्राध्यापकहरूलाई पक्राउ गर्यो ।”

एमआईटी, मिसिगन विश्वविद्यालय र याले विश्वविद्यालयमा पनि विरोध प्रदर्शनहरू भएका थिए, जसको परिणामस्वरूप सोमबार कम्तीमा ४७ जनालाई उनीहरूको अनुरोधमा तितरबितर हुन अस्वीकार गरेकोमा गिरफ्तार गरियो ।

**कोलम्बिया विश्वविद्यालयका विद्यार्थीहरूद्वारा प्यालेस्टिन समर्थक प्रदर्शन जारी**

दर्जनौं विद्यार्थी र अन्य वामपन्थी कार्यकर्ताहरूलाई उक्त प्रतिष्ठित विश्वविद्यालयमा पक्राउ गरी पालमा राखिएका छन् । विद्यार्थी र सङ्काय सदस्यहरूले संयुक्त राज्य अमेरिकाको कोलम्बिया विश्वविद्यालयको क्याम्पस बाहिर क्याम्प स्थापना गरेका छन् । आन्दोलनकारीहरूले गत हप्ता निलम्बन गरिएका विद्यार्थी र शिक्षकहरूलाई पुनर्बहाली गर्न माग गरेका छन् ।

दर्जनौं विद्यार्थी र अन्य वामपन्थी कार्यकर्ताहरू प्रतिष्ठित संस्थामा पालहरूमा राखिएका छन्, यसलाई कोलम्बिया र अन्य उच्च विद्यालयहरू दुवैको क्याम्पस व्यवस्थापनले गैरकानुनी र अपराधी पनि मानेको छ ।

प्रदर्शनकारीहरूको निरन्तरताका बाबजुद पनि गिरफ्तारीहरू देखिन थालेका छन् । बिहीबारमात्रै प्रहरीले माइनेसोटा डेमोक्रेटिक प्रतिनिधि इल्हान ओमार इसरा हिर्सीकी छोरीसहित करिब ११० जना प्रदर्शनकारीलाई पक्राउ गरेको थियो । प्रहरीको दमनका बाबजुद पनि विरोध प्रदर्शन बढ्दै गएको छ र मानिसहरू विश्वविद्यालय जीवनभन्दा बाहिर पनि संलग्न भएका छन् ।

यता, पक्राउ परेका धेरै विद्यार्थी रिहा भई आन्दोलनमा फर्किएका छन् । प्रदर्शनकारीहरूले आफ्नो आन्दोलन जारी रहने दाबी गरेका छन् ।

अन्य विद्यार्थी केन्द्रहरूमा, युवाहरूले गाजामा भएको नरसंहारको अन्त्यको लागि आह्वान गर्दै आवाज उठाइरहेका छन् ।

# महाकाली अस्पतालमा रेबिजविरुद्धको खोप अभाव

कञ्चनपुर, ११ वैशाख । महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालमा रेबिजविरुद्धको खोप अभाव भएको छ ।

महाकाली प्रादेशिक अस्पतालका अध्यक्ष कृष्णनन्द भट्टले तीन सातादेखि खोपको अभाव भएको जानकारी दिनुभयो । माग बढे पनि अस्पतालमा खोप अभाव भएपछि सेवाग्राहीलाई फिर्ता पठाउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

भीमदत्त नगरपालिका–१८ का नरेश जोशीले अस्पतालमा रेबिजविरुद्धको खोप नपाएपछि समस्यामा परेको गुनासो गर्नुभयो । “घरमै पालेको कुकुरले खुट्टामा टोकेपछि रेबिज खोप लगाउन अस्पताल गएको थिएँ तर अभाव छ भनेर फिर्ता पठाइयो । निजी अस्पतालमा पनि सहजै पाउने अवस्था छैन । पाइहालेमा चार गुणा बढी मूल्य तिर्नुपर्ने बाध्यता छ”, उहाँले भन्नुभयो ।

अर्का सेवाग्राही खुसी चौधरीले पनि निःशुल्क पाउने गरेको महाकाली प्रादेशिक अस्पतालमा खोप अभाव भएपछि निजी अस्पतालमा रु. छ सय तिरेर खोप लगाउनुपरेको गुनासो गर्नुभयो ।

हार्दिक श्रद्धाञ्जली



जन्म
१९९७/०५/१३

निधन
२०८०/११/२८

गणेशमान श्रेष्ठ

यस बाल कुमारी देवी भजनका सदस्य **गणेशमान श्रेष्ठ**को दुःखद निधनको आज ४५ औं दिन(लत्या)को पुण्यतिथिमा हार्दिक समवेदना प्रकट गर्दछौं । साथै शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्नसक्ने शक्ति प्रदान गरियोस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

बाल कुमारी देवी भजन परिवार
भ.न.पा.-९, तचपाल

हार्दिक समवेदना



जन्म : २००१/०३/०२
निधन : २०८१/०१/०६

यस संस्थाका सदस्यता नं. ३३५ का सदस्य **कृष्णबहादुर मुलगुठी**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

थालाछैं बचत तथा ऋण सहकारी संस्था लि
थालाछैं–१०, भक्तपुर फोन नं. ६६१६५८०

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा